# आ.ब.२०८१/०८२ को
# नीति, कार्यक्रम तथा बजेट

## शिखर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### तल्कोट, डोटी

(सुदुरपश्चिम प्रदेश)

# विषयसूची

**शिखर नगरपालिकाको नगरसभाको १५औं अधिवेशन समक्ष नगर उप-प्रमुख श्री सुनिता रावल जोराद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१-०८२ को नीति तथा कार्यक्रम...**

१. आर्थिक वर्ष २०८०-०८१ को नीतिको समिक्षाः.........................
२. शिखर नगरको अवसर तथा चुनौतीहरुः...................................
२.१ चुनौतीहरुः..............................................................
२.२ अवसरहरुः.................................................................
३. सुधारका क्षेत्रः.........................................................................
४. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु............................................
५. आगामी आर्थिक वर्षका प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरुः.
६. आगामी आर्थिक वर्षका प्राथमिकताका क्षेत्र तथा प्रमुख नीतिहरु
७. बेलका नगरपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धि.
७.१ दीर्घकालिन सोचः..
७.२ शिखर नगरपालिकाको प्रमुख लक्ष्यः.
७.३ शिखर नगरपालिकाको प्रमुख उद्देश्यः.
७.४ अपेक्षित उपलब्धिः.
८. क्षेत्रगत एवंम् विषयगत नीतिहरुः.
८.१ आर्थिक विकासः
क. कृषि विकास सम्बन्धि नीतिः.
ख. पशुपंक्षी तथा मत्स्य विकास सम्बन्धि नीतिः
ग. उद्यम विकास सम्बन्धि नीतिः
घ. सहकारी तथा उद्योग वाणिज्य सम्बन्धि नीतिः
ङ. पर्यटन सम्पदा संरक्षण सम्बन्धि नीतिः..
८.२ सामाजिक विकासः
क. शिक्षा विकास सम्बन्धि नीतिः.
ख. स्वास्थ्य विकास सम्बन्धी नीतिः..
ग. महिला बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी नीतिः..
घ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नीतिः.
ङ. खानेपानी सरसफाई, फोहोरमैला व्यवस्थापन तथा उर्जा सम्बन्धि नीतिः.
च. युवा खेलकुद तथा नवप्रवर्तन सम्बन्धी नीतिः....
छ. सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी नीतिः
ज. भाषा, कला, साहित्य, संस्कृति सम्बन्धी नीतिः.

झ. श्रम रोजगार र मजदुर सम्बन्धी नीतिः
ञ. भूमि व्यवस्थापन तथा भू-उपयोग सम्बन्धी नीतिः..
८.३ पूर्वाधार विकासः
क. भौतिक पूर्वाधार सम्बन्धी नीतिः
ख. योजना तथा कार्यक्रम व्यवस्थापन सम्बन्धी नीतिः
ग. लगानी व्यवस्थापन सम्बन्धी नीतिः.....
८.४ वन वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीतिः..
८.५ संस्थागत विकास, सेवा प्रवाह र सुशासनः.
क. संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धी नीतिः
ख. कर्मचारी प्रशासन सम्बन्धी नीतिः
ग. सूचना प्रविधि तथा संचार सम्बन्धी नीतिः.
घ. राजश्व परिचालन तथा दिगो वित्त व्यवस्थापन सम्बन्धी नीतिः
८.६ स्थानीय न्याय सम्पादन तथा व्यवस्थापनः......

**नगरसभा सदस्यज्यूहरु,**

## १. आर्थिक वर्ष २०८०-०८१ को नीतिको समिक्षा:

क. आर्थिक विकासतर्फ

- विनियोजित रकम रु २,४४,००,०००/-। मध्ये जेष्ठ मसान्तसम्म खर्च रकम रु. १,५७,२५,७१३ /- रहेको छ ।

ख. सामाजिक विकासतर्फ

- विनियोजित रकम रु. ३६,८१,४५,०००/- मध्ये जेष्ठ मसान्तसम्म खर्च रकम रु.२१,६९,७६,९२७/- रहेको छ ।

ग. पूर्वाधार विकासतर्फ

- विनियोजित रकम रु.१०,९३,८६,१२५.४३/- मध्ये जेष्ठ मसान्तसम्म खर्च रकम

रु.४,४८,८३,२३१ /- रहेको छ ।

घ. वन वातावरण तथा विपद व्यवस्थापनतर्फ

- विनियोजित रकम रु.१२०५००० /- मध्ये जेष्ठ मसान्तसम्म खर्च रकम रु.६०००० /- रहेको छ ।

ङ. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ

- विनियोजित रकम रु. ४५,६५,०००/- मध्ये जेष्ठ मसान्तसम्म खर्च रकम रु. २२१५४१२ ।- रहेको छ ।

च. कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ

- विनियोजित रकम रु. १७,९४,४५,०००/- मध्ये जेष्ठ मसान्तसम्म खर्च रकम रु. १३,४६,६८,४०७.८३/-

**आर्थिक वर्ष २०८०-०८१ मा कार्यक्रममा समेटिएका विषयगत नीतिको समिक्षा:**

### आ.व. २०८०/२०८१ मा सम्पन्न भएका प्रशासनिक कार्यहरु

- नियमित कार्यसम्पादनका आधारमा कार्यालयमा कार्यरत रहेका करारका म्याद थप भएका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन, करार म्याद थप कार्य निरन्तर रुपमा हुँदै आएको र यस वर्ष पनि साउन पहिलो साताभित्रमा सम्पन्न गरिएको ।
- नगर कार्यपालिकाको विभिन्न मितिमा हालसम्म १६ वटा कार्यपालिका बैठकहरु भई उक्त निर्णयहरु कार्यान्वयन गरिएको ।
- नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरु जम्मा: १०८ जना कर्मचारी रहेका छन् जसमध्ये स्थायी: ४१ जना र करार ६७ जना रहेका छन् ।
- स्वास्थ्य संस्थातर्फ जम्मा १२९ जना कर्मचारी रहेका छन् । जसमध्ये स्थायी:-८२ जना र करार ४७ जना रहेका छन् ।
- आयुर्वेद तर्फ जम्मा ८ जना कर्मचारी रहेका छन् । जसमध्ये स्थायी ४ जना, करार ४ जना रहेका छन् ।
- शिक्षकको संख्या सशर्त अनुदानतर्फ, स्थायी:-१६९, करार:-१४, राहत:-८९, अनुदान:-१६, शिक्षण अनुदान:-६, बाल बिकास:-७०, विद्यालय लेखापाल:-१२, विद्यालय का.स:-६६ जना रहेका छन् ।
- स्थायी कर्मचारीहरुको वार्षिक कार्य सम्पादन मूल्याङ्कन कार्य कार्यालयबाट सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाईसकिएको ।

- १५ शैयाको नगर अस्पतालको जग्गा भोगाधिकार प्राप्त गर्ने कार्य तदारुकताका साथ अगाडी बढाई अन्तिम चरणमा रहेको ।
- नगरपालिकाको प्रशासनिक भवनको भोगाधिकार प्राप्त गरी लालपुर्जा प्राप्त गरेको । निर्माणकार्य अन्तिमचरणमा रहेको, आशिंकरुपमा नव निर्मित प्रशासनिक भवनबाट कार्यालय सञ्चालनमा रहेको
- नगरपालिकाको सामाजिक परीक्षण गरीएको ।
- विकास साझेदार सङ्घ, संस्था तथा निकायहरुको लगत खडा गरी एकीकृत रुपमा कार्य सम्पादन गरीएको
- घरेलु कार्यालय डोटीको सहयोगमा बाँसका सामग्री निर्माण तालिम सञ्चालन गरिएको

## सूचना प्रबिधि शाखा

- गत आ.ब २०८०/०८१ को संस्थागत क्षमता स्वमूल्याङकन (LISA) को कार्य सम्पन्न गरि नतिजा समेत प्रकाशन भएको ।
- गत आ.ब. २०८०/०८१ को स्थानीय तह बित्तिय जोखिम मुल्याङकनको कार्य सम्पन्न गरिएको ।
- प्रदेश तथा स्थानिय तह कार्य सम्पादन मूल्याङकन कार्यबिधि - २०७८, बमोजिम राष्ट्रीय प्राकृतिक स्रोत तथा बित्त आयोगमा सूचक बमोजिम पठाउनु पर्ने बिबरण NNRFC पोर्टलमा अध्यावधिक गरि नतिजा समेत प्रकाशन भएको ।
- नगरपालिका अन्तर्गत रहनुभएका पदाधिकारीहरु र कर्मचारीहरुको वार्षिक सम्पती विवरण सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनका लागि कार्यालयमा संकलन गरी र राष्ट्रिय सतर्कता केन्द्रको सिस्टममा प्रबिष्ट गर्ने कार्य सम्पन्न भई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाईएको ।
- नियमित रुपमा कार्यालयको वेव साईट तथा फेसबुक पेजहरु अद्यावधिक गरिएको ।
- नगरपालिकामा सूचना अधिकारी तोकी सूचना प्रवाह भइरहेको ।

## योजना तथा अनुगमन शाखा

- आ.व.०८०।०८१ मा जम्मा १९७ वटा योजनाहरुमध्ये जम्मा ११३ वटा योजना सम्झौता भई जेठ मसान्तसम्म ८५ प्रतिशत काम सम्पन्न भइसकेको र बाँकी काम भइरहेको ।
- शिखर नगरपालिकाको मध्यमकालिन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयार भएको ।
- नगरपालिका भएर बग्ने सेती नदी को वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने कार्य भएको ।
- सेती नदीले कटान गरेको क्षेत्रमा तटवन्धनको कार्य भएको
- विगत आर्थिक वर्ष देखी संचालित तथा चालु आर्थिक वर्षमा संचालित योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन तथा सुपरिवेक्षण ।
- राष्ट्रपति शैक्षिक सुधार अन्तर्गतका अनुदान प्राप्त विद्यालयहरुको विद्यालय भवन निर्माण कार्य सम्पन्न भएको छ ।
- उपभोक्ता समिति मार्फत संचालित वडागत योजनाहरु सम्पन्न भएको ।

- संघीय समपूरक तथा विशेष अनुदान माग गरीएको
- प्रदेश समपुरक तथा विशेष अनुदान माग गरीएको ।

## स्वास्थ्य शाखा

- पूर्ण खोप वडा घोषणा तथा पालिका घोषणा कार्यक्रम सम्पन्न भएको छ ।
- ११ वटै वडामा VIA screaming camp संचालन गरिएको ।
- किटजन्य रोग डेंगी सम्बन्धि विद्यालय स्वास्थ्य शिक्षा संचालन गरेको ।
- विद्यालय स्वास्थ्य तथा पोषण क्षमता अभिवृद्धि तालिम विद्यालयका स्वास्थ्य शिक्षकहरुलाई प्रदान गरिएको ।
- CB-IMNCI on site coating ११ वटै वर्थिङ सेन्टरका नर्सिङ स्टाफहरुलाई दिइएको ।
- I.B. screang camp संचालन गरिएको ।
- स्वास्थ्य चौकीहरुको HP-MSS कार्यक्रम संचालन गरिएको ।
- नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धि म.स्वा.स्व.से. स्तरिय अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको ।
- MR खोप अभियान कार्यक्रम सम्पन्न गरिएको ।
- IPv खोप अभियान कार्यक्रम सम्पन्न गरिएको ।
- सङ्घीय सरकारसँगको समन्वय, सहकार्यमा १५ महिनादेखि १५ बर्षसम्मका........जना बालबालिकाहरुलाई टाइफाइड बिरुद्धको खोप प्रदान गरिएको ।

## युवा,शिक्षा तथा खेलकुद शाखा

- नगरको शैक्षिक सुधार नीति अनुरुप ६४ वटा सामुदायिक विद्यालयहरु मध्ये ३१ वटा विद्यालयहरुको तह तथा कक्षा घटाइ अर्को विद्यालयमा समायोजन गरिएको । ३८ जना शिक्षकशिक्षिकाहरुको स्थानान्तरण हुने गरी शिक्षक दरबन्दी मिलान गरिएको ।
  - शिखर नगरपालिकालाई साक्षर नगर घोषणा गरिएको ।
  - नगरपालिका क्षेत्रभित्रका सबै विद्यालयहरूमा कक्षा १ देखि कक्षा ५ सम्म स्थानीय विषयको रूपमा पाठ्यक्रम अनुरूप पठनपाठन कार्य शुरूवात गरि लागु गरिएको ।
  - शिक्षक दर्बन्दी मिलान तथा विद्यालय समायोज कार्यबिधि निर्माण गरी कार्यान्वयन गरिएको ।
  - स्थानीय पाठ्यक्रम निर्माण गरी पठनपाठनलाई प्रभावकारी बनाउन शिखर नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुका शिक्षकहरूलाई प्रशिक्षण प्रदान गरिएको ।
  - सामुदायिक बिद्यालयहरुमा सूचना अधिकारी तोकी सूचना प्रवाह भइरहेको ।
  - नगरको शैक्षिक अवस्था सुधार गर्ने उद्येश्यसहित “**शिखर शिक्षक सम्मेलन**” को आयोजना गरिएको ।

- शैक्षिक सुधार गर्ने उद्येश्यसहित कमजोर नतिजा ल्याउने विद्यालयमा अन्तरक्रिया, अनुगमन लगायतका कार्यक्रम सञ्चालन गरिएको ।

**आ.व. २०८०/२०८१ मा भएका कृषि शाखाका कार्यहरु :-**

- ११ वटै वडामा लागत साझेदारीमा बृहत आलु उत्पादन कार्यक्रम अन्तर्गत ९६ घरधुरीमा आलुको बिउ वितरण गरिएको ।
- ३०० सय भन्दा बढी घरधुरीलाई विभिन्न बालीमा देखिएको रोग न्युनिकरणका लागी विषादी वितरण गरिएको ।
- ११ वटै वडामा १२०० घरधुरीलाई उन्नत बिउ वितरण गरिएको ।
- किसान सुचिकरण कार्यक्रम अन्तर्गत ११ वटै वडामा हालसम्म २५० जना किसान सुचिकृत भएका ।

**पशुसेवा शाखाका कार्यहरुः-**

- पशुपंक्षीमा लाग्ने बिभिन्न रोगहरु बिरुद्धको खोप पि.पि.आर. ६०००/डोज, रेविज २५० डोज र  लम्पि स्किन  ४००० डोजको परिमाणमा लगाईएको ।
- नगरपालिकामा माहामारीको रुपमा फैलिएको संक्रामक लम्पि स्किन रोग रोकथामका लागि पालिकाबाट रु ३००००० लाख/- बराबरको औषधि खरिद गरी पशुहरुलाई लक्षणको आधारमा निःशुल्क उपचार गर्न प्रत्येक वडा कार्यालय र सम्बन्धित कृषकहरुलाई नै औषधि बुझाई निरन्तर बिमारी पशु उपचारमा रहेको ।
- रोग फैलिएको गाँउ बस्तिमा नगरपालिकाबाट प्राबिधिकको टोली गई पशुलाई नियमित निगरानीमा राखी उपचार गराउदा कुनै पनि पशुको हानि नोक्सानी नभएको ।
- पशुसेवा शाखामा नियमित रुपमा उपचार सेवा, बन्ध्याकरण सेवा तथा नियमित सेवा तथा परामर्शका कामहरु निरन्तर भई रहेको ।
- ११ वटै वडाका करिब ५०० घरधुरीलाई हिउदे घाँसको बिउ वितरण गरिएको ।

**विपद् जोखिम न्यूनीकरण**

- स्थानिय विपद् व्यवस्थापन समिति र विपद राहतकोष संचालन समिति गठन
- विपद पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण ।
- सेती नदीमा विगतमा आएको बाढीले धार परिवर्तन गरी क्षति पुर्याएको हुँदा धनजनको क्षति न्यूनीकरण गर्न नदीको धार परिवर्तन दिर्घकालिन रुपमा रोक्नका निमित्त नगरको पहल कदम भइरहेको ।
- भगिनी सम्बन्ध कायम भएको पुर्वीचौकी गाउँपालिकामा भुकम्प जाँदा धनजनको क्षति भएकाले सहयोग तथा साझेदारीका लागि ३ लाख आर्थिक सहयोग उपलब्ध गराईएको ।
- आपतकालिन सञ्चालन केन्द्रलाई प्रभाबकारी ढंगले सञ्चालन गर्ने गरी कार्यायोजना बनाएको ।
- बिपदमा परेका समुदायलाई आवश्यकता अनुसार राहतको व्यबस्था गरेको ।

- शिखर नगरपालिका र रेडक्रसको साझेदारीमा समुदायमा आधारित प्रकोप पूर्व तयारी प्रतिकार्य अभिमुखिकरण कार्यक्रम सञ्चालन गरेको ।
- प्रदेश सरकारसँग समन्वय गरी प्राप्त बजेट अनुरुप सेती नदीको कटान नियन्त्रण कार्य १० नम्बर वडामा सम्पन्न भएको ।
- रेडक्रसको सक्रियतामा नगरपालिकाले जोखिम न्यूनीकरणको लागि पूर्वतयारी प्रशिक्षण गरी जनतालाई सतर्क बनाउने नमूना अभ्यास संचालन गरीएको ।
- नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा शिखरका वडा नं १०,११,८ र शिखर नगरपालिकाको कार्यालयमा विपद प्रतिकार्य तथा सामग्री खरिद गरि व्यवस्थित गरी राख्ने कार्य सम्पन्न भएको ।

## महिला तथा बालबालिका शाखा :-

- अन्तराष्ट्रिय श्रमिक महिला दिवस प्रत्यक वर्ष मनाईएको ।
- समूहमा आबद्ध महिलाहरुलाई सीपमूलक तालिम दिई आय आर्जनका क्रियाकलापमा सहभागी गराई आत्मनिर्भर गराउन ५५ जनालाई उद्यमशिलता तालिम प्रदान गरिएको छ ।
- किशोरीहरुका लागि गुडिया बनाउने विषयक तालिम-१५ दिने सञ्चालन गरिएको ।
- सुत्केरी महिलासँग उप मेयर कार्यक्रम अन्तरगत पोषण तथा न्यानो लुगा वितरण गरिएको ।
- जेष्ठ नागरिकसँग उप मेयर कार्यक्रम न्यानो लुगा वितरण गरिएको ।
- अपाङ्गता परिचयपत्र र ज्येष्ठ नागरिक परिचयपत्र वितरण निरन्तर भइरहेको ।
- नगरस्तरीय तथा बडास्तरीय बालक्लब समिति गठन गरिएको ।
- नगर तथा बडा बाल अधिकार तथा बाल संरक्षण ११ वटै वडामा गठन गरिएको । बालश्रम मुक्त पालिका घोषणाको लागी आवश्यक कदम अगाडी बढाइएको ।

## पञ्जिकरण शाखाः-

- बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरीएको ।
- चालु आ.व.मा जन्म दर्ता संख्या महिला ४६३ र पुरुष ५४४ गरी जम्मा १००७, मृत्यु दर्ता संख्या महिला ८३ र पुरुष १२५ गरी जम्मा २०८,सम्बन्ध विच्छेद संख्या जम्मा २ , बसाइ सरी आएको जम्मा संख्या १२ र बसाइसरी जानेको जम्मा संख्या ४०३ रहेको छ ।
- चालु आ.व. मा पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता जम्मा ७२४१ जनालाई ४४६८०३५४ रकम वितरण गरिएको, दोस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता जम्मा ७३१८ जनालाई ४५१४१७५८ रकम वितरण गरिएको र तेस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता जम्मा ७३२६ जनालाई ४५४१२२५७ गरिएको ।
- वडा नं १ देखि वडा नं ११ सम्मका वडा सचिवहरुको माग अनुसार घट्ना दर्ता विवरण खोजी तथा घट्ना दर्ता र सामाजिक सुरक्षा सम्बन्धि अनलाईन प्रणाली संचालनमा सहजिकरण / व्यवस्थापन गरीएको ।

## रोजगार सेवा केन्द्र

- आ. व. २०८०/०८१ मा संचालन गरिने योजनाहरु वडागत रुपमा छनौट गरी कार्यपालिकाको बैठकबाट अनुमोदन र संचालन गरिरहेको ।
- स्थानीय निर्देशक समितिको बैठक आवाश्यकता अनुसार बसिरहेको ।
- सम्पूर्ण वडामा आवश्यकता अनुसार श्रमिक उपभोक्ता समिति गठन गरी र अभिमूखीकरण गरिएको ।
- सबै वडामा योजना तथा कार्यक्रमहरु संचालन, सहजीकरण गरिरहेको ।
- आ.व. २०८०।०८१ का लागि बेरोजगारहरुको विवरण संकलनका लागि सूचना प्रकाशन साथै सबै वडाबाट फारमहरु संकलन गरी सम्पूर्ण प्रक्रियाहरु पूरा गरी रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) प्रविष्टि गरि सकिएको ।

**भूमिसेवा ईकाईः-**

- राष्ट्रिय भूमि आयोग, डोटी जिल्ला नापी कार्यालय, जिल्ला मालपोतसँग यस नगरपालिकाको समन्वयमा भूमिहिन दलित, सुकुम्बासि र अव्यवस्थित बसोबासीको लगत संकलन गरी अनलाइन प्रविष्टिका चरणमा रहेको ।
- यस नगरपालिकाको वडाहरुको भूमिहिन दलित-७९, भूमिहिन सुकुम्बासी-८ र अव्यबस्थित बसोबासी-२०० गरि जम्मा २८७ संख्यामा ऐलानी तथा पर्ति जग्गा माग निवेदन फाराम राष्ट्रिय भूमि आयोग काठमाडौंद्वारा उपलब्ध भूमि लिरिक्स प्रणालीमा प्रविष्टि चरणमा रहेको छ ।
- भूउपयोग मापदण्ड तयार गरीएको ।
- भूमि वर्गीकरण गरी जिल्ला मालपोत कार्यालयमा पठाईने चरणमा रहेको ।
- भूमि वर्गीकरण सम्बन्धि स्थानीय राजपत्रमा प्रकाशनको चरणमा रहेको ।

**जिन्सी शाखाः-**

- वार्षिक जिन्सी निरीक्षण गरी समयावधिमा अध्यावधिक गरीएको ।
- नगरपालिका तथा वडा कार्यालयको सम्पूर्ण भौतिक, सवारी साधन, जग्गा, जिन्सी दाखिलाको अन्य विवरण सार्वजनिक सम्पति व्यबस्थापन प्रणाली (PAMS) मा आधावधिक गरिएको ।
- नगरपालिकाबाट भुक्तानी हुने तथा अन्य संस्थाबाट प्राप्त सामाग्री तथा सेवा सम्बन्धी कागजातको दाखिला गरी अभिलेख राखिएको ।
- नगरपालिका तथा वडा कार्यालयमा आवश्यक परेका सामाग्री उपलब्ध तथा सेवा प्रवाह गरेको ।
- नगरमा रहेका सवारी साधन तथा उपकरणको मर्मत सम्भार तथा व्यवस्थापन गर्न नगरपालिकाले प्रयास गरिरहेको ।

**८ न्यायिक समितिः-**

- वडा तथा नगर स्तरिय मेलमिलाप केन्द्र गठन भई संञ्चालनमा रहेको ।

➢ हालसम्म न्यायिक समितिको ८ वटा बैठक हालसम्म बसेको ।

**शिखर नगरपालिका नगर प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, नगरसभाका सदस्य ज्यूहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु......**

शिखर नगरपालिकाको नगर सभाको १५औं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

शिखर नगरपालिकाको आर्थिक वर्ष २०८१-०८२ को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै गर्व लागेको छ । नेपालमा नागरिक सर्वोच्चता, लोकतन्त्र र सँघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापनार्थ आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै उहाँहरुको आत्माको चिरशान्तिको कामनाका साथ सम्पूर्ण शहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दछु । साथै देशमा सुशासन कायम गरी जनतालाई अधिकार दिलाउन भएका आन्दोलनका क्रममा घाइते भई शारीरिक तथा मानसिक रुपमा पीडित भएका महान व्यक्तिहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दै शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु । प्रजातान्त्रिक प्रणालीको नवीनतम आयाम अनुरुप लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही समुन्नत पालिका निर्माणका लागि नगरबासीको अमुल्य मतबाट यस नगरपालिकाको जिम्मेवारी प्राप्त गरी कार्यसम्पादन गरेको दुई आर्थिक वर्ष भईसकेको छ । नगरको सर्वाङ्गीण हितलाई केन्द्रबिन्दुमा राखी विगतमा सञ्चालित योजना/कार्यक्रमहरुलाई सम्पन्न गर्नेतर्फ र नयाँ नवप्रवर्तन, आयामिक क्षेत्रगत योजनाहरु पहिचान गरी आ.व. २०७९-०८० र २०८०/०८१ मा क्रमिक रुपमा योजना तथा कार्यक्रम सञ्चालन गरिएको अवगत गराउन चाहन्छु । विश्व अर्थतन्त्रमा देखिएको प्रभाव, राष्ट्रले लिएको आर्थिक तथा वित्तीय नीति अनुरुपको देशको अर्थतन्त्र सबलीकृत गराउने रणनीति र पछिल्लो समयमा खस्किदो आर्थिक अवस्थाबाट यस नगरपालिका पनि अलग्गै रहन नसकेको व्यहोरा सम्पूर्णमा अवगत नै छ । सोहि अनुरुप यस नगरपालिकामा पनि गत वर्षका नीति, रणनीति र तयार गरीएको कार्यक्रममा उपयुक्त रुपमा पहिचान भएका स्थानीय श्रोतसाधन, सम्भावित राजश्व सङ्कलनका क्षेत्र, आन्तरिक आय सङ्कलनमा समुचित व्यवस्थापन गर्दै वृहत्तर हितमा न्यूनतम कार्य गर्नका राष्ट्रियस्तरमा नै आर्थिक सँकुचन हुँदा, कतिपय लोककल्याणकारी कार्यहरु समेत सम्पादन गर्न नसकेको र यसबाट समाजमा पर्न गएको असरप्रति अत्यन्तै गम्भीर भएको छु । तथापि संकुचित आन्तरिक श्रोतलाई क्षेत्रगत रुपमा फराकिलो पार्दै, सूचकगत सुधारमा केन्द्रित भएर, दिगो, योजनावद्ध, समन्यायिक, फराकिलो, मागमा आधारित विकासका निम्ति प्रतिबद्ध रहेको समेत अवगत गराउँदछु । शिखर नगरपालिकाको सर्वोपरी हितका लागि सहयोग गर्ने सबै निकाय तथा पदाधिकारी एवम् व्यक्तिहरुप्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा समेत सहयात्रा र समन्वयका लागि अपिल गर्दछु । यस अवधीमा प्राप्त सुझाव, सल्लाहलाई आत्मासाथ गर्दै नगरको हितमा गरिएका रचनात्मक र सकारात्मक आलोचना सहर्ष स्वीकार गर्दछौं ।

आन्तरिक सुशासन र सवल प्रशासनको बिकासबाट हामीले अख्तियार गरेको निती तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालय र कर्मचारीहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि प्रणालीगत शुसासन विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ । शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवर्धन,

वित्तीय शुसासन जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम शिखर नगरपालिकाको आर्थिक वर्ष २०८१-०८२ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित नगरसभाको १५औं अधिवेशन समक्ष प्रस्तुत गर्न गईरहेकी छु ।

**नगरसभा सदस्यज्यूहरु,**

**नगरपालिकाको तथ्यांकीय विद्यमान परिवेश सर्वप्रथम म यस शिखर नगरपालिकाको संक्षिप्त विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

सुदूरपश्चिम प्रदेश अन्तर्गत डोटी जिल्लामा रहेको यस नगरपालिका बिक्रम सम्बत २०७३ सालमा नेपालको संघीय शासन प्रणाली अन्तर्गत राज्य पुनर्संरचनामा स्थानीय तहको नयाँ सिमांकन गर्दा साविकका ९ वटा गाउँ विकास समितिहरु (कपल्लेकी, मुडेगाउँ, मुड्भरा, पचनाली, तिजाली, लाटामाण्डौं, जिजोडामाण्डौं, बन्लेक एवं बारपाटा) समाहित भई स्थापना भएको थियो । जम्मा ११ वटा वडामा वर्गिकरण गरिएको यस नगरपालिकाको कूल क्षेत्रफल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तथ्यांक अनुसार २८५.३९ वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन अनुसार यहाँको जम्मा परिवार संख्या ७०१६ र जनसंख्या ३०,३९९ रहेको छ, जसमा १७०८७ (५६.२%) महिला र १३३१२ (४३.८%) पुरुष रहेका छन् ।

शिखर नगरपालिकाका ११ वटै वडा कार्यालयहरु आफ्नै भवनबाट सञ्चालित रहेका छन् । प्राकृतिक र धार्मीक दृष्टिकोणले अत्यन्तै महत्व राख्ने महाभारत ग्रन्थमा वर्णित महाभारत पर्वतको लामो श्रृङ्खला शिखर नगरपालिकाको शिरताजको रुपमा रहेको छ भने यस नगरपालिकको तल्लोक्षेत्रमा सेती नदी माला आकारमा रहेको हुँदा लेकदेखि वेशी (औल) सम्मको हावापानी यस क्षेत्रमा पाईन्छ । यस क्षेत्रलाई प्राकृतिक स्रोत साधनको दृष्टिकोणले डोटी जिल्लाकै महत्वपुर्ण स्थानीय तहको रुपमा लिन सकिने प्रशस्त आधारहरु रहेका छन् ।

नगरपालिकाको लागि अत्यावश्यक ऐन, नियमावली, निर्देशिका, कार्यविधी, मापदण्डहरू निर्माण भएका छन् भने आवश्यक कर्मचारी र कार्यालयको लागि न्यूनतम पूर्वाधार निर्माण भएको छ । १० वटा वडाहरुमा मोटर बाटो पुगेको छ भने एउटा वडामा सडक निर्माणको कार्य जारी छ । सेती नदीमा निर्माणाधिन मोटरेबल पुल अलपत्र हुँदा वडा नं. ११ लाई राजमार्गसँग जोड्न कठिन भएको छ । नगरका केही ग्रामिण सडकहरु कालोपत्रे र डबल कटिङ भई बिस्तार हुँदै गरेको अवस्था छ । सबै वडा कार्यालयबाट प्रविधधीको माध्यमबाटो सेवा दिन सकिएको अवस्था छ र यसको गुणस्तर अभिवृद्धि गरिदै लैजाने योजना समेत रहेको छ ।

भौतिक पूर्वाधार निर्माणका लागि स्काभेटर, टिपर, एम्बुलेन्स, नगर बस, स्वास्थ्यतर्फ स्वास्थ्य चौकी, प्रसुति गृह, आँखा उपचार केन्द्रको सेवा, आयुर्वेद सेवा लगायतका सेवाहरू सञ्चालनमा रहेका छन् । सुविधा सम्पन्न विद्यालय भवन, खेलमैदान लगायतका केहि महत्वपूर्ण र शिखर नगरपालिकाको विकासमा दूरगामी महत्व राख्ने पूर्वाधारहरू निर्माणका क्रममा छन् साथै शिक्षा क्षेत्रमा शैक्षिक सुधारको महत्वपूर्ण नीति अन्तरगत विधालय समायोजन, शिक्षक मिलान गरिएको छ । नगरका ग्रामिण भेगलाई नगरमा सहजरुपमा जोड्ने र एक वडालाई अर्को वडासँग जोड्ने अभिप्रायले सडक सञ्जाल बिस्तार गर्ने कार्य भइरहेको छ । शिखर नगरको गौरवको योजना अन्तर्गत शिखर रिङरोडको अबधारणा अघि सारिएको छ ।

## नगरसभा सदस्यज्यूहरु,

**२. शिखर नगरको अवसर तथा चुनौतीहरुः**

शिखर नगरपालिका र नगरवासीको समृद्धि र सर्वाङ्गीण विकासका गतिविधि संचालन गर्नका निमित्त नगरमा उपलब्ध भएको सिमित स्रोत साधनको उपयोगबाट विकासका थुप्रै आवश्यकताहरु परिपूर्ती गर्नुपर्ने चुनौती रहँदा रहदै पनि यस नगरपालिकाको समग्र आवश्यकता पूरा गर्न र समृद्ध शिखर निर्माण गर्न पूर्वाधारका रुपमा थुप्रै सम्भावना र अवसरहरु पहिचान भएका छन् ।

## २.१ चुनौतीहरुः

शिखर नगरपालिकामा उच्च पहाडी, लेकाली र बेसी मिश्रित भूभाग भएको हुँदा सिमित स्रोत साधनले छोटो समयमा तिव्र गतिमा विकास गर्न असम्भव जस्तैछ । यस नगरपालिकामा बग्ने सेती नदी र शाखा खोलाहरुका कारण बाढी पहिरो, डुवान, कटान लगायत विपत्तिहरुको जोखि रहेको छ । सेती नदीमा आउने बाढी र नदी कटान नियन्त्रण निकै चुनौतीपूर्णी छ । जसका लागि ठुलो लगानीका योजनाहरुको आवश्यकता छ । राजमार्गसँग नगरका वडा तथा बस्तीहरु जोड्ने कच्चि सडकका कारण दुर्घटनाको जोखिम पनि उत्तिकै रहेको छ । ग्रामिण सडकहरु खुलाउन वर्षेनी सरसफाइ गरे पनि नियमित सञ्चालन गर्न कठिनाइ छ । बजेट अभावका कारण सडक स्तोरोन्नती, कालोपत्रे, डबल कटिङ गर्न नसक्दा जनताहरु असुरक्षित यात्र गर्न बाध्य रहेका छन् ।

नगरपालिकाबासीका अधिकांश घरहरु पुराना, जीर्ण एवं ढुंगामोटो, काठबाट निर्मित छन् । यस क्षेत्रमा भुकम्पको पनि निकै जोखिम छ । ठुलोखाले भुकम्प गएको अवस्थामा यहाँ ठुलोमात्रामा धनजनको क्षेति हुने सम्भावना रहेको छ । पालिकाको सिमित स्रोत र गरिविको रेखामुनी रहेको समुदायले मापदण्ड अनुरुप, भुकम्प प्रतिरोधात्मक घरहरु निर्माण गर्नसक्ने अवस्था छैन । यसमा संघिय र प्रदेश सरकारले विशेष चासो देखाउन जरुरी छ । साविक देखि प्रयोग गर्दै आएको प्राकृतिक सम्पदाहरुको प्रयोग गर्दा सरकारलाई बुझाउनु पर्ने राजश्व संकल गर्ने सन्दर्भमा स्थानीय बासिन्दाहरुलाई समयमै कर तिर्ने बानीको विकास गर्नु / गराउनु हाम्रो अर्को मुख्य चुनौति रहेको छ ।

कृषि, वन वातावरण तथा अन्य पूर्वधार र सशक्तिकरणका कार्यक्रमहरूमा विभिन्न सरकारी तथा गैह्र सरकारी क्षेत्रबाट वर्षेनी लाखौं लगानी भएतापनि खाद्य असुरक्षा, गरिबी, असमानता, जातीय भेदभाव, छुवाछुत , महिला हिंसाका घट्नाहरूबाट पार पाउन सकिएको छैन । शान्ति सुरक्षाको अवस्था चुस्त दुरुस्त एवं प्रभावकारी वनाउन सकिएको छैन । दुर्गमता, निरक्षरता र अदक्षताले गाँजीरहेको छ । नगरपालिकाको आन्तरिक आयस्रोत अत्यन्तै न्युन हुनु, विकासको प्रतिफल लक्ष्यित समुदायसम्म पुऱ्याउन नसक्नु थप चुनौतिहरूका रूपमा रहेका छन् । नगरपालिका र वडाहरूले शून्य अवस्थाबाट काम शुरू गर्नुपर्दा धेरै कठिनाइहरू व्यहोर्नु परिरहेको छ । उल्लेखित चुनौतिहरूको बावजुत सबै सरोकारवाला निकायहरूको समन्वय र सहकार्यमा दिगो विकास गरी यसका प्रतिफल लक्ष्यित समुदायसम्म पुऱ्याउन हामीले सामुहिक प्रयास गर्नु निरन्तर आवश्यक रहेको कुरा स्मरण गराउन चाहन्छु ।

सबै वर्ग, क्षेत्र, जातजाति, उमेर समूह, लिङ्ग, विपन्न वर्ग, असहाय, अपाङ्गता भएका व्यक्तिहरुलाई विकासको मूल प्रवाहमा ल्याई समुन्नत नगर बनाउनुपर्नेमा प्रतिवद्ध भएर लाग्नुपर्ने अवस्था रहेको छ ।

**केही चुनौतीहरु बुँदागतरुपमा प्रस्तुत गरेका छौं ।**

- करिव .७० प्रतिशत भूभाग ऐलानी, पर्ती तथा वन क्षेत्र रहेकाले भु-उपयोग नीति तथा भू-उपयोग योजना कार्यान्वयन गर्नु / गराउनु ।
- भौतिक पूर्वाधार सम्वन्धित विकास निर्माणका कामहरु सञ्चालन गर्नु र आम नागरिकको बसोवासलाई व्यवस्थित गर्नु ।
- सिमित स्रोत साधन, विविधतायुक्त भूगोल र वहुलतायुक्त वसोवासका कारण विकासका आवश्यकताहरु छोटो समयमा पुरा गर्नु कठिनाई हुनु ।
- आर्थिक विकासको लागि राजश्वको संकलन एवंम् परिचालनका नयाँ क्षेत्रको खोजि गरी व्यवस्थापन गर्न कठिनाई हुनु ।
- सात तहको योजना तर्जुमा प्रक्रिया पूरा गरी योजना माग, छनौट, प्राथमिकिकरण र कार्यान्वयनमा कानूनी व्यवस्था अनुरुपको उत्तरदायित्व पूरा गर्न स-साना योजनालाई वडा तहबाट सम्बोधन गर्न लगाई मझौला आकारका योजनामा नगरपलिकाको बजेट केन्द्रित गर्न नसकिएको ।
- उपभोक्ता समितिको काम कारवाहीमा पारदर्शिता, जवाफदेहिता र अर्थपूर्ण जनसहभागिता कायम गराउनु ।
- ठेक्का तथा उपभोक्ता समिति मार्फत गरिने कार्य समयमा सम्पन्न गर्न कठिनाई ।
- विकासमा आर्थिक अनुशासन कायम गर्न सहज नभएको ।
- भौगोलिक विकटताका कारण पूर्वाधार विकासमा कठिनाई रहेको ।
- करदाताहरुलाई करको दायरामा समेट्न कठिनाइ रहेको ।
- कर तिर्ने बानीको विकास गर्दै करदातालाई प्रोत्साहित गर्न कठिन रहेको ।
- नदिजन्य पदार्थ वार्षिक ठेक्का लगाई राजश्व संकलन गर्न कठिनाइ ।
- संघ तथा प्रदेश सरकारका योजनाहरु यस क्षेत्रको प्राथमिकतामा नपर्नु
- लगु औषध सेवनकर्ता बालबालिका र युवाहरुको बृद्धि हुनु
- बसाईसराईको दर बृद्धि हुनु हाम्रा लागि निकै चुनौतिपूर्ण छ ।

## २.२ अवसरहरु:

डोटी जिल्लामा शिखर नगरपालिका ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण रहेको क्षेत्र भएकोले विशेष पर्यटकीय केन्द्रको रूपमा विकास हुने सम्भावना छ । पवित्र धार्मिक एवं प्राकृतिक सौन्दर्यले भरिपूर्ण शिखर धार्मिक क्षेत्र, केदारेश्वर, सालमुनी एवं भागेश्वर लगायत शक्ति पिठहरु, सेती नदी एवं लामीताल, देउताल, खकरताल, चुरमुनी ताल लगायत महत्वपूर्ण ऐतिहासिक ताल तलैयाहरु जडीबुटी, वन पैदावर,कृषि, पशुपालन, नगदेबाली लगायत थुप्रै सम्भावनाका क्षेत्रहरू छन् । यी क्षेत्रहरूको प्रभावकारी प्रयोग र दिगो विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकास मार्फत विकासका क्षेत्रमा अहिलेसम्म भएका सकारात्मक प्रयास, राजनीतिक दलहरूबाट भएको सहयोग, विकास साझेदारहरूको प्रयास, विभिन्न सरकारी एवं गैह्रसरकारी निकायहरूको

सहयोग, समन्वय र सहकार्य, निजी क्षेत्रको प्रवेश, सँचारकर्मी तथा नागरिक समाज लगायत शिखरवासीको विकासप्रति रहेको चासो शिखरको समग्र विकासको लागि अवसरका रूपमा लिएकी छु ।

- अन्न बालीका लागि नदी खोला किनारको समथर भूमि तथा तरकारी, फलफुल, बेसार एवम् अन्य नगदेबालीका लागि पहाडी भूभाग निकै उर्वर रहेकाले कृषिजन्य उत्पादनको बढोत्तरी र पशुपन्छी पालनको प्रवर्द्धनको प्रचूर सम्भावना रहेको छ ।
- एक वडा एक उत्पादन सहित पकेट क्षेत्र निर्माण गर्न सकिन्छ
- नदीजन्य पदार्थ, जटीबुटी तथा वनजन्य पदार्थको प्रचुरता रहेको र सोको वातावरणमैत्री उपयोगबाट आन्तरिक आम्दानी बढोत्तरी गर्ने सम्भावना रहेको छ ।
- साहसिक खेल (बङ्जी), प्राकृतिक, एतिहासिक, धार्मीक, सांस्कृतिक एवम् जैविक सम्पदाहरुको संरक्षण र प्रचारप्रसारबाट पर्यटन क्षेत्रको विकास गरी नागरिकको आयस्तर बढाउन सकिने सम्भावना रहेको छ ।
- जातीय विविधतालाई आय आर्जन तथा सामाजिक विकासको रुपमा विकासयोग्य रहेको ।
- परम्परागत सीप सिर्जनाको जगेर्ना गर्दै आर्थिक समृद्धिको संभावना रहेको ।
- सहकारीको वलियो आधारको रुपमा कृषि (आलु, धान, मकै, गहुँ, कोदो, दुग्ध, फलफुल लगायत तरकारी व्यवसाय) उत्पादनको लागि सामुदायिक परिचालन र सहकार्यको उर्वर भूमि एवम् क्षेत्र रहेको ।
- पर्यटकीय प्रवर्धनमा सेती नदीमा पानि बोट संचालन, पर्य-पर्यटन अन्तर्गत होमस्टे संचालन, पाराग्लाईडीङ, पदमार्ग निर्माण गरी स्थानीय समुदायलाई स्थायी जीविकोपार्जनमा जोडी आय स्तर वृद्धि गर्न सकिने ।
- नगर तथा सबै वडा कार्यालयको भवन तथा स्वास्थ्य केन्द्र भवन निर्माण सम्पन्न भईसकेकाले सेवा प्रवाह सहज हुने अवस्था छ ।
- विगतमा शिक्षाको उर्वर भूमिका रुपमा पहिचान बनाएका उस नगरपालिका क्षेत्रका विद्यालयहरुको शैक्षिक गुणस्तरमा बृद्धि, विद्यालयको स्तरोन्नती, प्राविधिक शिक्षा सञ्चालन गरेर शैक्षिक हवकारुपमा विकास गर्न सकिने ।
- उच्च पहाडी भेगमा अवस्थित तेले लेक, महाभारत, वन्यजन्तुको संरक्षण, प्रबृद्धन र प्रचारप्रसार गरेर पर्यटन भित्र्याउन सकिने ।
- दानव गुफा, देवल, शिरमा रहेको चुरका अधिपति शिखर, पशुपतिनाथ, निरका अधिपति भागेश्वर, सालमुनी लगायत सयौं धार्मीकस्थलहरुको संरक्षण, प्रबृद्धन र प्रचारप्रसार गरेर धार्मीक पर्यटनको विकास गर्न सकिने
- सेतीका सहायक खोला गाडहरुबाट बिजुली उत्पादन गरेर बिजुलीमा आत्मानिर्भर बनाउन सकिने

## ३. सुधारका क्षेत्रः

- नगरमा सुशासनको प्रत्याभूति गर्न ।
- विद्युतिय, अनलाइन मध्यमद्वारा सेवा प्रवाह गर्न ।
- वडा कार्यालयको प्रशासनिक भवन भएको स्थान सम्म यथासक्य कालो पत्रे सडक निर्माण गर्न ।

- संघ र प्रदेश सरकार र अन्तर्गतका निकायहरु, सहकारी संस्था वन उपभोक्ता समिति, खानेपानी समितिहरु, NGO/INGO हरु एवम स्थानीय सामाजिक र धार्मिक संघहरु संग समन्वय गरी कार्य गर्न ।
- कार्य मैत्री वातावरण सिर्जना गर्न ।
- पदाधिकारी, कर्मचारीहरु र अन्य विकासमा साझेदारहरुसंग समन्वय र सहकार्य गर्न ।
- विकासमा सबैको सहभागिता प्रत्याभूति दिलाउन, सबैलाई समेटेन र सम्वोधन गर्न ।
- कार्यरत जनशक्तिको रुची, सीप, क्षमतालाई उपयोग र उत्प्रेरित गर्न ।
- नगरमा रहेका प्राकृतिक सम्पदा, नदिजन्य पदार्थ, वन पैदावार चोरी निकासी तथा अवैध पैठारी नियन्त्रण गर्न ।
- उत्पादित कृषि उपजको उचित भण्डारण, बजारीकरण गरी नागरिकलाई कृषि क्षेत्रमा स्थायी आश्रित गराई दिगो जीविकोपार्जन गर्न ⁄ गराउन ।
- आर्थिक समुन्नतिका सूचकका रुपमा रहेका चुनौतीहरुलाई यथोचित सम्बोधन गर्न ।
- लागु औषध नियन्त्रण र नियमन

## ४. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु

शिखर नगरपालिकाको आर्थिक वर्ष २०८१⁄०८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा निम्न ऐन, नियम तथा दस्तावेजहरुलाई आधार मानिएको छ ।

- नेपालको संविधानले तोकेका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, स्थानीय सरकारको अधिकार क्षेत्रका विषयहरु,
- नेपाल सरकारको आर्थिक वर्ष २०८०⁄०८१ को नीति तथा कार्यक्रम,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- नेपाल सरकारको पन्ध्रौं आवधिक योजना,
- सुदूरपश्चिम प्रदेश सरकारको आवधिक योजना,
- शिखर नगरपालिकाको आवधिक नगर विकास योजना,
- प्रदेश तथा संघ सरकारका नीति तथा कार्यक्रमहरुका लक्ष्य, उद्देश्य तथा प्राथमिकताहरु,
- शिखर नगरपालिकाका विभिन्न क्षेत्रगत रणनीतिहरु,
- शिखर नगरपालिकाका विगत वर्षहरुका नीति तथा कार्यक्रमहरु,
- नगरको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति,
- शिखर नगरपालिकाले हालसम्म स्वीकृत गरेका विभिन्न ऐन, नियमावली, कार्यविधि तथा दस्तावेजहरु
- राष्ट्रिय योजना आयोगले जारी गरेको दिगो विकास लक्ष्यहरुको स्थानीयकरण सम्बन्धी स्रोत पुस्तिका
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४,

- विपद जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकुलन, वातावरण मैत्री, बालमैत्री तथा पोषणमैत्री स्थानीय शासन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, लक्षितवर्गको सशक्तिकरण लगायतका विकासका अन्तरसम्बन्धित विषयहरु,
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा हाते पुस्तिका,
- शिखर नगरको राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन, नगरको सडक यातायात गुरुयोजना,
- नेपाल सरकारले समय समयमा गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरु,
- मानव विकास सुचाकांक,
- नगरपालिकाको तथ्यांकीय सामाजिक तथा भौतिक आधार,
- आम शिखरवासी तथा शिखर नगरपालिकामा सक्रिय राजनीतिक दलका रचनात्मक सुझाव र घोषणापत्रमा उल्लेखित प्राथमिकताहरु,
- शिखर नगरपालिकामा उपलब्ध स्रोत, साधनको अभिलेखहरु ।

## ५. आगामी आर्थिक वर्षका प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरुः

शिखर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ मा आर्थिक विकास, सामाजिक विकास, पर्यटकीय विकास, भौतिक पूर्वाधार विकास, विपद् व्यवस्थापन, सामाजिक न्याय, सामाजिक सुरक्षा, स्थानीय न्याय सम्पादन तथा व्यवस्थापन, संस्थागत विकास, सेवा प्रवाह र सुशासनका क्षेत्रमा सन्तुलित रुपमा उपलब्ध सिमित स्रोतको महत्तम उपयोग गरी प्रभावकारी कार्यक्रमहरु सञ्चालन गर्नेछ । यस सम्वन्धमा **निम्न कार्यक्रमहरुलाई प्राथमिकतामा राखिएको छ ।**

- गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि शिक्षक विद्यार्थी अनुपात बमोजिम पर्याप्त जनशक्ति व्यवस्थापन र विद्यालय समायोजनद्वारा शैक्षिक गुणस्तरमा सुदृढीकरण ।
- आर्थिक वर्ष २०८१/०८२ लाई **"शैक्षिक सुधार वर्ष"** घोषणा तथा कार्यान्वयन
- सुलभ स्वास्थ्य सेवाका लागि सबै वडामा स्वास्थ्य संस्थाहरु नियमित सञ्चालन र स्वास्थ्य विमा सम्बन्धी जनचेतना मुलक कार्यक्रम ।
- कृषि तथा पशुपालनको व्यवसायीकरण, आधुनिकीकरण, बिमा र बजारीकरणका कार्यक्रमहरु ।
- पर्यटन विकासका कार्यक्रमहरु ।
- एक वडा एक उत्पादन पकेट क्षेत्र घोषण र कार्यान्वय
- घरेलु तथा लघु उद्यमको प्रवर्द्धन ।
- विपद व्यवस्थापनका कार्यक्रमहरु ।
- युवासँग नगर प्रमुख कार्यक्रम अन्तरगत ( ११० जना स्वरोजगार मुलक युवा)

- निर्माणाधीन अधुरा संरचनाहरुको निर्माणकार्यमा निरन्तरता र थप नयाँ पूर्वाधार संरचनाहरु निर्माणको सुरुवात ।
- सामाजिक समावेशीकरण तथा सामाजिक न्याय लक्षित कार्यक्रमहरु ।
- आन्तरिक राजस्वका दायराहरुको दिगो वृद्धि ।
- खानेपानी तथा सरसफाईका कार्यक्रमहरु ।
- पारदर्शिता र संस्थागत सुशासन ।
- विद्युतिय शासनको माध्यमबाट छिटो छरितो एवम् प्रभावकारी न्याय सम्पादन सेवा प्रवाह ।
- योजना बैंक निर्माण गरी दिगो योजना तथा कार्यक्रम व्यवस्थापन ।
- लगानी प्रवर्द्धनका साथै समुचित लगानी व्यवस्थापन सम्बन्धि कार्यक्रम, कार्ययोजना ।
- लगानीकर्ताहरुलाई प्रोत्साहन
- एनजीओ, आइएनजिओ लगायत साझेधार निकायसंगको सहकार्यत्रका लागि डेक्स स्थापना
- म्याचिङ फण्ड अन्तरगत विकासका पूर्वाधार निर्माण

## ६. आगामी आर्थिक वर्षका प्राथमिकताका क्षेत्र तथा प्रमुख नीतिहरु

आगामी आर्थिक वर्षमा शिखर नगरपालिकामा तपसिल वोजिमका विषय तथा क्षेत्रहरुलाई प्राथमिकताका क्षेत्रहरुका रुपमा लिएर विकासका गतिविधिहरु संचालन गर्ने गराउने व्यहोरा यहाँहरुमाझ प्रस्तुत गर्न चाहन्छु ।

प्राथमिकता:

१. जीवन उपयोगी, गुणस्तरीय, प्राविधिक तथा व्यवसायिक शिक्षा, शिप विकास
२. स्वास्थ्य, सरसफाई, पोषण र सुरक्षित मातृत्व, पोषण मैत्री र बालबालिका मैत्री नगर
३. कृषिको आधुनिकीकरण, व्यवसायिकरण, विशिष्टीकरण तथा बजारीकरण
४. पर्यटन प्रवर्द्धन तथा उद्यम विकास, नव प्रवर्तनमा जोड
५. निश्पक्ष न्याय सम्पादन, सूचना प्रविधीको प्रयोग अभिवृद्धि गरी विद्युतीय शासनमार्फत सुशासन प्रवर्द्धन र सेवाको बिस्तार
६. नदी नियन्त्रण तथा विपद् व्यवस्थापन
७. भू-उपयोग तथा भूमि व्यवस्थापन
८. खानेपानी, जलश्रोत तथा उर्जा विकास
९. यातायत लगायत भौतिक पूर्वाधारहरु
१०. आन्तरिक राजश्व वृद्धि, पूँजी निर्माण तथा वित्तिय सुशासन र दिगो वित्त व्यवस्थापन ।
११. खेलकुद, कला, साहित्य, सँस्कृतिको संरक्षण तथा प्रवर्द्धन ।
१३. खाद्य सुरक्षा र खाद्यमा पहुँच ।
१४. स्थानीय न्याय सम्पादन तथा व्यवस्थापन ।
१५. योजना तथा कार्यक्रम व्यवस्थापन र लगानी व्यवस्थापन ।

१६. स्थानीय सञ्चार विकास कार्यक्रम

**नगरसभा सदस्यज्यूहरु,**

**अव म यस शिखरका नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमको विवरण प्रस्तुत गर्न गईरहेकी छु ।**

## ७. शिखर नगरपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धि

### ७.१ दीर्घकालिन सोचः

**"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार"**
**"आत्मानिर्भर युवापुस्ता, बलियो सरकार"**

### ७.२ शिखर नगरपालिकाको प्रमुख लक्ष्यः

कृषि तथा पशुपन्छी, पर्यटन, खेलकुद, अत्याधुनिक शहरी पूर्वाधार विकासको माध्यमबाट आगामी वर्षमा सुदूरपश्चिम प्रदेशको उत्कृष्ट नगरपालिकाको रुपमा विकास भएको हुने ।

### ७.३ शिखर नगरपालिकाको प्रमुख उद्देश्यः

न्युनतम आवश्यकता सहितको दिगो शहरी पूर्वाधार विकास सहित समग्र समृद्धिका लागि शिक्षा, स्वास्थ्य, कृषि प्रबर्द्धन, राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, प्राविधिक तथा साँस्कृतिक पक्षको दीर्घकालिन योजना तर्जुमा र सोही अनुसार स्वच्छ, सिर्जनशील, समृद्ध नगरको रुपमा विकास गर्ने ।

- आन्तरिक राजश्व वृद्धिका लागि नयाँ क्षेत्रको पहिचान गरी आर्थिक आत्मनिर्भरताका लागि स्थानीय श्रोतको परिचालन गर्ने ।
- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउन सहयोग गर्ने
- उत्पादनमूलक तथा छिटो प्रतिफल दिने ।
- रैथानी बालीलाई प्रवर्द्धन गरी जीविकोपार्जनमा कृषकलाई सवलिकरण गर्ने ।
- बेमौसमी कृषि उपज उत्पादन भण्डारण र बजारीकरण सहयोग गर्ने ।
- आयआर्जन, रोजगारी र स्वरोजगारको अवसर सिर्जना गरी जनताको जीवनस्तर सुधारमा सहयोग गर्ने ।
- स्थानीय सहभागिता र स्वयंसेवा परिचालन गरि कम लागत कार्य सम्पन्न गर्ने वातावरण तयार गर्ने
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग र उपयोगको वातावरण तयार गर्ने ।
- महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ प्रदान गर्ने ।
- लैंगिक समानता र सामाजिक समावेशीकरण संस्कृतिको विकास गर्ने ।
- दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउन सहयोग गर्ने ।
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकताभावको प्रवर्द्ध गर्ने ।
- पर्याप्त हरियाली र व्यवस्थित शहर हरित नगरको रुपमा विकास गर्ने ।
- शिक्षा, स्वास्थ्य क्षेत्रमा नागरिकको सहज पहुँचको सुनिश्चितता गरी गुणस्तरीय सेवा प्रदान गर्ने ।
- सबै प्रकारका सामाजिक विभेद अन्त्य गरी मानव अधिकारको प्रत्याभूत गर्ने ।

- समावेशी, सन्तुलित र दिगो विकासमा सहयोग गर्ने ।
- गुणस्तरीय सेवा प्रवाह र संस्थागत सक्षमताको स्थिति कायम गर्ने ।
- उद्यमशिलताको विकास, कृषिको व्यवसायिकरण गर्ने ।
- विपद् जोखिम न्यूनीकरण गर्नका लागि पहिरो नियन्त्रण, वाढीबाट हुने कटान नियन्त्रण सम्बन्धि कार्ययोजना निर्माण गरी लागु गर्ने ।
- विपद् जोखिम न्यूनीकरण गर्न सम्भाव्य जोखिमको अनुगमन गरी रोकथामको कार्यक्रम तथा अत्यावश्यक सामग्रीको व्यवस्था गर्ने ।
- नगरका गौरवका योजनाको पहिचान गरी संघ तथा प्रदेश सरकारबाट बजेटको सुनिश्चितता गर्ने

## ७.४ अपेक्षित उपलब्धि:

आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयन मार्फत समग्र नगरबासीहरुको आर्थिक, सामाजिक, सांस्कृतिक स्थिति सुधार र विकासका लागि राजनीतिक संस्कार र सचेतना अभिवृद्धि सुशासनलाई स्थायित्व गर्दै समृद्ध नगरको निर्माण गर्न सहयोग पुर्‍याईने छ ।

**नगरसभा सदस्यज्यूहरु,**

**अब म क्षेत्रगत एवंम् विषयगत नीतिहरु प्रस्तुत गर्न गइरहेकी छु ।**

## ८.१ आर्थिक विकास :

### क. कृषि विकास सम्बन्धि नीति:

**"एक वडा एक उत्पादन, समुन्नत नगरको धन"**

१. कृषि क्षेत्रलाई उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गर्ने नीतिलिई कृषि उपज विशिष्टीकारण गर्दै आत्मानिर्भरता तर्फ उन्मुख गरिनेछ । संघीय सरकार, प्रदेश सरकारको सहयोग जुटाई कृषि क्षेत्रको विकासमा जोड दिईनेछ ।

२. मुख्य बालीमा रहेको धान, कोदो, गहुँ, मकै, दलहन (भटमास, मुसुरो, गहत, मास, अन्य दाल) मसला बालि तथा आलुको पकेट, ब्लक र जोन घोषणा गरी प्रभावकारी रुपमा संचालन गरिनेछ ।

३. नगरका किसानहरुलाई विभिन्न उत्पादन र उत्पादनोपरान्त सामग्री माग तथा आवश्यकता अनुसार उपलब्ध गराउने ।

४. रसायनिक मल खाधको प्रयोगलाई निरुत्साहित गरी प्राङ्गारिक खेतिको अभिवृद्धि गर्ने ।

५. बालीमा लाग्ने फौजी किरा, रोग, प्राकृतिक प्रकोप र महामारीका लागि स्वयं नगरपालिका तथा अन्य निकायसँग सहयोग मागि न्युनिकरण गर्ने ।

६. फलफूल बिरुवा रोप्ने र संरक्षण गर्ने कार्यलाई अभियानको रुपमा संचालन गरीनेछ साथै सबै सरकारी नीति तथा सामुदायिक वनहरुलाई फलफूलका विरुवा लगाउने र संरक्षण गर्ने अभियान संचालन गरिनेछ ।

७. सार्वजनिक जग्गा संरक्षण तथा अभिलेख व्यवस्थापन गर्नुका साथै जमिनको वर्गीकरण गरी कृषिको उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम बनाई कार्यान्वयनमा ल्याइनेछ ।

८. किसानको वर्गिकरण सहितको परिचयपत्र वितरण कार्यक्रम संचालन गरिनेछ ।

९. कृषिको सेवा प्रवाह गर्न प्राविधिक जनशक्तिको सुनिस्चित गरिनेछ ।

१०. हरेक उत्पादनको न्यूनत्तम समर्थन मूल्य तोकि सो मूल्य भन्दा बजार मूल्य कम भए किसानको लागत मूल्य पाउने हक सुनिश्चित गरिनेछ ।

११. सामुदायिक बाली बिमा प्रणाली स्थापना गरी कार्यान्वयन गरिनेछ ।

१२. चक्लाबन्दी खेति प्रणाली प्रवर्द्धन गरिनेछ ।

१३. कृषि अनुदान कार्यक्रमलाई प्रभावकारी वनाउन ‘उत्पादन गर, अनुदान लैजाउ’ कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. कृषि आधुनिकिकरणका लागि आधुनिक कृषि सामग्रीहरु खरिदका लागि सरोकारवाला निकायसँग समन्वय, सिफारिस तथा अनुदानको व्यवस्था गरिने छ ।

१५. कृषि सामग्री क.लि., साल्ट ट्रेडिङ्ग कर्पोरेसन तथा अन्य निकाय बाट प्राप्त हुने मलको सम्बन्धमा किसानहरुलाई सुसूचित गर्नुका साथै आवश्यकता अनुसार मल परिपूर्तिको सुनिश्चित गरिनेछ ।

१६. निर्माण सम्पन्न भई अलपत्र रहेका र निर्माणाधीन अवस्थामा रहेका कृषि उपज संकलन केन्द्रको प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१७. तरकारी तथा नगदेवालीको उत्पादनको अवस्था हेरेर आवश्यकता अनुरुप कोल्ड स्टोरको स्थापना गर्न प्रदेश तथा संघ सरकारबाट बजेट माग गरिने छ ।

१८. कृषिमा काम गर्ने संघसंस्था तथा सरोकारवाला सरकारी कार्यालयहरुसँग समन्वय गरेर विभिन्न बाली क्लिनिक तथा माटोको परीक्षण सहित सुधार कार्यक्रम संचालन गरिनेछ ।

१९. मौरीपालनका लागि कृषकहरुलाई प्रोत्साहन गरिने छ ।

२०. किसानहरुको कृषि पेशा प्रति आकर्षण तथा क्षमता अभिवृद्धि गर्न विभिन्न तालिमहरु संचालन गरिनेछ ।

२१. साना सिंचाई (नहर, कुलो) आयोजनाहरु प्रभावकारी रुपमा संचालन गरी नगरपालिकाको सिंचित क्षेत्र बढाईनेछ ।

२२. नविन सिंचाई प्रणाली (सौर्य सिंचाई, डिप सिंचाई, लिफ्ट सिंचाई, भुमिगत सिंचाई, थोपा सिंचाइ) प्रवर्द्धन गरिनेछ ।

२३. नगर क्षेत्रमा कृषि सिकाई केन्द्र तथा,  बहुउद्धेश्यीय नर्सरी स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

२४. स्थानीय स्तरमा NARC बाट आधिकारिक विऊवीजन उत्पादनका लागि अधिकार प्राप्त सँघ/सँस्थाहरुबाट उत्पादित विऊबीवजनको गुणस्तर एकिन गरी नगरले प्रयोगमा ल्याइने प्रावधान मिलाईनेछ ।

२५. वडा नम्बर ७ को विष्टै, धुलचौडा, लासि, ग्वान्नी क्षेत्रमा भौगोलीक विकटता र सडकको अभावमा बाँझो रहेका कृषिजन्य जमिनहरुको उपभोग गराउन “**विष्टै, डुमरा, धुलचौडा, लासि, ग्वान्नी कृषि सडक**”को डिपिआर गरी आवश्यक बजेटको व्यवस्थापनका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

२६. नगदेबालि र मौसम अनुरुपको बैकल्पिक पकेट कृषि नर्सरीका रुपमा अधुवा, टिमुर, बेसार, सिस्नो, कागुनो, भटमास, केराउ, दलहन, कागती, सुन्तला मौसमी  अकबरे खुर्सानी,  आदिको उत्पादनलाई जोड दिने र सामुदायिक वन, निजी क्षेत्रसँग समन्वय गरी पकेट फूलवारी (पुष्प) खेती कार्यक्रम सञ्चालन गर्न पहल गर्ने ।

२७. कृषि पर्यटन Agro Tourism लाई प्रवर्द्धन गरिनेछ ।

२८. पकेट कार्यक्रम संचालन गरी स्थानीयस्तरमा खाद्यान्न आत्मनिर्भर हुने वातावरण निर्माण गरिनेछ ।

२९. रैथाने जातका बालीहरु सँरक्षण र सम्बर्धन कार्यक्रम संचालन गरिनेछ ।

३०. नगरपालिकाका सम्पुर्ण किसानहरुलाई नगरबाट प्रवाह हुने सेवा तथा गतिविधिमा कृषकहरुको सहभागिता सुनिश्चित गरिनेछ ।

३१. उच्च पहाडी भेगमा कृषि उत्पादनका लागि पर्याप्त सम्भावना भएका तर बाँझो रहेका जमिनहरुमा मार्सी, वासमति धान खेती, फलफुल खेती गर्नका लागि प्रोत्साहन तथा अनुदानको व्यवस्था गरिनेछ ।

## ख. पशुपंक्षी तथा मत्स्य विकास सम्बन्धी नीतिः

३२. पशुपंक्षी क्षेत्रका उद्योगहरु समावेश गरी निर्माणाधिन औद्योगिक ग्राम सञ्चालनमा ल्याउन पहल गरिनेछ ।

३३. पशुपंक्षी तथा उच्च लेकाली भेगमा ट्राउट मत्स्य पालनका लागि सार्वजानिक तथा निजि जमिनहरुमा करार खेती प्रवर्द्धन गर्न प्रोत्साहन गरिनेछ ।

३४. कृषक, उद्यमी वा व्यवसायीहरुलाई आधुनिक प्रविधिमा आधारित व्यवसाय स्थापना गर्न प्रेरित गरिनेछ ।

३५. विभन्न सरोकारवाला निकायहरुको सहयोग, समन्वयमा बाखा, भैंसी, गाई, कुखुरा पालनका लागि कृषकहरुलाई प्रोत्साहन तथा अनुदानको व्यवस्था गरिनेछ ।

३६. प्रविधी हस्तान्तरण, अनुदान प्रदानका लागि रेडियो, टिभि र पत्रपत्रिकामा सुचना प्रसार साथै विद्यालय शिक्षा, बस्ति स्तर र नगर स्तरमा तालिम, गोष्ठि, अवलोकन भ्रमण जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदै थप प्रभावकारी र विस्तार गरिनेछ ।

३७. नगरपालिकाभित्र उत्पादित पशुपंक्षीको न्युनतम समर्थन मूल्य तोक्न सरोकारवालाहरुसँग अन्तरक्रिया गरिने र सोका आधारमा विक्रि मुल्य कायम गरिनेछ ।

३८. रैथाने जातका पशुपंक्षीहरुको संरक्षण तथा संवर्धन कार्यक्रम संचालन गरि बीउ बैंकको स्थापना तथा प्रमाणिकरण र बजारीकरणको लागि सँघीय सरकार, प्रदेश सरकार, गैरसरकारी संघ/संस्था तथा निजि क्षेत्रसँग सहकार्य गरी आवश्यक व्यवस्था मिलाईनेछ ।

३९.गौशाला सञ्चालन तथा पशुचौपायहरुलाई ट्याग लगाउने कार्यलाई निरन्तरता दिदै छाडा गोरुहरुको नियन्त्रण गरिनेछ ।

४०. छाडा र घरपालुवा कुकुरहरुलाई रेविज विरुद्धको खोप अभियान सञ्चालन गरी रेविज जोखि न्यूनीकरण गरिनेछ ।

४१. **एक गाउँ एक नमुना पशुपंक्षी** पालन फर्महरुको स्थापना तथा संचालन गरिनेछ ।

४२. पशुपंक्षी धनको सुरक्षाका लागि विमा कार्यक्रमलाई प्रभावकारी वनाई निरन्तरता दिइनेछ ।

४३. सामुदायिक वन क्षेत्रमा तलाउ निर्माण र भएका तलाउको संरक्ष र सुधार कार्य अभियानको रुपमा संचालन गरिनेछ ।

४४. पशुपंक्षीको उत्पादनलाई मुल्य श्रंखला (उत्पादन देखि उपभोगसम्म ग्रेडिङ्ग, प्रसोधन र ब्राण्डिङ्ग ) मा आवद्ध गराउदै तिनिहरुको बजारिकरणमा समयाअनुकुल निति निर्माण तथा आवश्यक पूर्वाधारको विकास तथा स्तरोन्नति गरी बजारीकरणमा सहयोग गरिनेछ ।

४५. युवा लक्षित विशेष व्यवसायिक कार्यक्रम संचालन गरिनेछ ।

४६. पशुपंक्षी पालनमा उपयुक्त प्रजनन् तथा नश्ल सुधार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ ।

४७. छाडा चरिचरणलाई उचित व्यवस्थापनका लागि खुल्ला चरिचरण बन्द गरौं, घाँसले भरिभरण गरौं कार्यक्रम संचालन गरिनेछ ।

४८. उन्नत जातका पशुपंक्षी तथा डाले तथा भूई घाँसको विकास तथा प्रवद्धन लागि स्रोत तथा प्रजनन् केन्द्रहरुको विकास गरिनेछ ।

४९. एक गाउँ एक प्राविधिकको अवधारणाको आधारमा एक वडा एक कृषि तथा पशु सेवा प्राविधिकहरुको क्षमता विकस तथा स्तरोन्नति गरी एक गाउँ एक उत्पादन कार्कममा आवद्ध गराउँदै सेवा प्रवाहलाई प्रवाकारी एवं दिगो बनाउदै लगिनेछ ।

५०. पशुपंक्षीको निर्यातमुलक वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी तिनीहरुको श्रोत केन्द्रहरुको विकास तथा विस्तार गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

५१. पशु आहारा बिकासका लागि डाले तथा भूई घाँसका नर्सरी स्थापनामा प्रोत्साहन गरिनेछ ।

५२. पशुपंक्षी पालन व्यवसायबाट उत्पादित वस्तुहरुको सङ्कलन, भण्डारण, प्रशोधन, प्रवद्धन केन्द्रहरु स्थापना र बधस्थल निर्माण गरी कृषकहरुको उत्पादनको बजार सुनिश्चित गरिनेछ ।

५३. प्रविधिको उच्चतम प्रयोग गरी पशुपंक्षी पालन क्षेत्रको व्यवस्थित अभिलेखिकरण तयार गरिनेछ ।

५४. पशुपंक्षी संरक्षण, प्राकृतिक प्रकोप र माहामारी नियन्त्रणमा विशेष कार्यक्रम संचालन गरिनेछ

५५. हरेक वडामा पशुपंक्षी सिकाई केन्द्र स्थापना र कृषक पाठशाला संचालन गर्न पहल तथा समन्वय गरिनेछ ।

५६. पशुपंक्षी स्वास्थ्य सेवालाई सहज व्यवस्थापन गर्न सर्भिलेन्स कार्यक्रम संचालन गरिनेछ ।

५७. किसानहरुलाई सुलभ कृषि ऋण उपलब्ध गराउन वितिय क्षेत्रसंग सहकार्य गरिनेछ ।

### ग. उद्यम विकास सम्बन्धि नीतिः

५८. युवा उद्यमशीलता विकास कार्यक्रम मार्फत युवालाई विदेश होइन विजनेश भन्ने भावनाको विकासका लागि स्वरोजगार उन्मुख तुल्याउँन युवाहरुलाई अभिप्रेरित गरी सामाजिक तथा उद्यमशिल क्षेत्रमा उत्कृष्ट कार्य गर्ने युवालाई **नगर युवा उद्यमी पुरस्कार** प्रदान गरिनेछ ।

५९. उद्यमीहरुको अवस्था पहिचान गरी कम्तिमा ३ वर्ष सम्म स्तरोन्नतिका लागि सहयोग गरिनेछ ।

६०. निर्माणाधिन औधोगिक ग्रामको निर्माणकार्य लाई अघि बढाउन विभिन्न निकाय/तह सँग सहकार्य र समन्वय सहित स्थापनार्थ सहजिकरण गरिनेछ ।

६१. विभिन्न सीपमूलक तालिमका लागि घरेलु तथा साना उद्योग कार्यालय र व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु, एनजिओ, आइएनजिओ सँग समन्वय र सहकार्यमा जोड दिइनेछ ।

६२. परम्परागत सीपमा आधारित उद्योगहरुलाई आधुनिकीकरण गर्नका लागि पालिकागत बजेटमा विशेष व्यवस्था गरिनेछ ।

६३. **कोशेली घर** सञ्चालन गरी स्थानीय उत्पादनको बजारीकरणमा सहयोग गरिनेछ ।

६४. उद्यमीहरुलाई व्यवसाय विकासका लागि मेशिन, औजार उपकरणहरु प्रदान गर्नका लागि आवश्यक पहल गरिनेछ ।

६५. बजार माग, सम्भाब्यता अध्ययन र श्रोत सर्वेक्षण गरी नयाँ उद्यमि सृजना गरी सीप तालिम दिईने छ ।

६६. **सहुलियत कर्जा परिचानलन कार्यविधि** तयार गरि साना उद्यमीहरुलाइ ऋण लिनका लागि सहजिकरण गरिनेछ ।

६७. उद्यमीहरुको सहकारीलाई आवश्यक सहयोग एवम् परामर्श तथा सहजिकरण गरिनेछ ।

६८. परम्परागत ज्ञान तथा मौलिक सीपमा आधारित लघु तथा घरेलु उद्योग ( जस्तै आरन) लगायतका लघु तथा घरेलु उद्योगलाई ५० प्रतिशत अनुदानमा प्रविधि हस्तान्तरण तथा बजार संरक्षण र प्रवर्द्धन गरिनेछ ।

६९. विभिन्न वस्तुहरुको उत्पादन वृद्धि गरि व्यवसायिक बनाउन पकेट क्षेत्र निर्धारण गरिनेछ ।

७०. विपन्न गरिब तथा सुकुम्बासी परिवारका युवाहरुलाई सिपमुलक व्यावसायिक तालिम दिइ स्वरोजगार बनाउन विशेष योजना बनाई लागु गरिने छ ।

७१. एउटा वडा १० जना स्वरोज युवा उत्पादन गर्ने लक्ष सहित ११० जना युवाहरुलाई प्रत्यक्ष स्वरोजगारसँग जोडिने गरी **"युवासँग मेयर स्वरोजगार कार्यक्रम"** सञ्चालन गरिने छ ।

## घ. सहकारी तथा उद्योग वाणिज्य सम्बन्धि नीतिः

७२. सहकारी संस्थाहरुलाई उत्पादन तथा रोजगारीमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरीने कार्यलाई निरन्तरता दिईनेछ ।

७३. नगर क्षेत्रभित्र संचालित उस्तै प्रकृतिका सहकारीहरुलाई मर्ज गर्न प्रोत्साहन गरिनेछ ।

७४. सहकारी संस्थाहरुले कम्तिमा १५ प्रतिशत लगानी उत्पादन तथा रोजगारीका क्षेत्रमा गर्नुपर्ने अनिवार्य व्यवस्था गरीनेछ । सहकारीद्वारा उत्पादित वस्तुको वजारीकरणमा सहजिकरण गरिनेछ ।

७५. सबै सहकारीहरुलाई अनिवार्य रुपमा कोपोमिससमा अध्यावधिक गरिनेछ ।

७६. सहकारी दिवस मनाउनका लागि आवश्यक बजेटको नीतिगत खाँका तयार गरि उत्कृष्ठ सहकारीलाई प्रोत्साहन तथा पुरस्कृत गरिनेछ ।

७७. सहकारी सम्वन्धि ऐन नियम कानून तथा निर्देशन र कार्यविधीहरुको सम्बन्धमा तालिम गोष्ठी तथा आवश्यक सहजिकरण गरिनेछ ।

७८. सहकारीका सञ्चालकहरुका लागि नेतृत्व विकास तालिमको आयोजना गरिनेछ ।

८९. सहकारीहरुलाई आधारभूत लेखाव्यवस्थापन तालिमको व्यवस्था गरिनेछ ।

८०. सहकारीको वार्षिक कार्ययोजना निर्माणमा क्षमता अभिवृद्धि तालिम गोष्ठीको आयोजना गरिनेछ ।

८१. PEARLS, MolMac अनुगमन तालिम तथा अभिमुखिकरण सम्पन्न सहित वचत तथा ऋण कारोवार गर्ने सहकारीहरुको सघन अनुगमन गरिनेछ ।
८२. सहकारी संस्थाहरुलाई किसानहरुको उत्पादनवृद्धि गर्ने कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
८३. व्यवसायी नवीकरणका लागि विभिन्न कारणले लामो समयदेखि छुट भएका संघ/संस्थाहरुलाई नवीकरण प्रोत्साहनका लागि नवीकरण दस्तुरमा केहि छुट गरी नवीकरण गर्ने व्यबहार विकास गर्ने कार्यक्रम ल्याईनेछ ।
८४. व्यावसायिक योजना निर्माण तालिम सम्पन्न गरिनेछ ।
८५. रणनीतिक योजना निर्माणमा सहजिकरण गरिनेछ ।
८६. सबै सहकारीहरुलाइ एकिकृत सूचना प्रणाली कोपोमिसमा आवद्ध हुनका लागि प्रोत्साहन गरिनेछ ।
८७. पालिकागत सहकारीहरुको तथ्याङ्क सहित प्रगति विवरण समेटेर प्रगति पुस्तिका प्रकाशन गरिनेछ ।
८८. स्थानीय सहकारी नियमावली निर्माण गरी लागू गरिनेछ ।
८९. सहकारीहरुको गतिविधि आवश्यकता हेरी एकिकरण तथा खारेजीका लागि विशेष व्यवस्थापनको व्यवस्था मिलाइनेछ ।
९०. एक वडा एक उद्यम र एक सहकारीको अवधारणा लागु गरिनेछ ।
९१. सहकारीहरुकालागि विभिन्न शिर्षगत राजश्वमा परिमार्जन गर्न आवश्यक सल्लाह सुझाव सम्प्रेषण गरिनेछ
९२. अनुगमन र प्रतिवेदन सम्प्रेषण गरिनेछ ।
९३. नगर भित्र स्थापित सहकारी बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गरी गरिवी निवारण सम्बन्धि कार्यक्रम संचालन गर्न आवश्यक सहकार्य गरीनेछ ।
९४. कृषि सहकारीहरुलाई प्रोत्साहन र प्रवर्द्धन गरीनेछ ।

## ङ. पर्यटन सम्पदा संरक्षण सम्बन्धि नीतिः

**"घुमौं शिखर, चढौं शिखर, तरौं सेती"**
**"पुजौं देवता, रमाउ तेले, हेरौं कृषि खेती"**

९५."**घुमौं शिखर, चढौं शिखर, तरौं सेती, "पुजौं देवता, रमाउ तेले, हेरौं कृषि खेती**" नारालाई व्यवहारमा परिणत गर्न शिखर नगरपालिकालाई पर्यापर्यटन, धार्मीक पर्यटन, सांस्कृतिक र कृषि पर्यटनका रुपमा विकसित गरिने छ ।

९६. नगरपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरुको पहिचान गरी पर्यटकीय विन्दुहरुको अभिलेखीकरण, दस्तावेज निर्माण गरी प्रचारप्रसार, सम्बर्धन तथा प्रवर्द्धन गरिनेछ ।
९७. महाभारत तेले लेक संरक्षित क्षेत्र विकास कार्यक्रम संचालन गरिनेछ । त्यसका लागि संघ प्रदेश र छिमेकी पालिकाहरुसँग समन्वय गरिने छ ।
९८. ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको पहिचान, संरक्षण, प्रचार प्रसार र सूचिकरणमा विशेष जोड दिइने छ ।

९९. शिखरका अधिपति (शिखर लाटाकाफली, गन्याप, पशुपति) निरका अधिपति भागेश्वर, सालमुनी, गहनान, लुवाखडी, गोल्मेश्वर देउलकुण्डे, सलेटापु लगायतका धार्मीक स्थलहरु, लाटा बन्थडी, मल्सिमी, केदारेश्वर, देगुराली जस्ता चर्चित शक्तिपिठहरुको संरक्षण, प्रचार प्रसार, संबर्द्धन गरी धार्मीक पर्यटनमा जोड दिइने छ ।
१००. पर्या-पर्यटनलाई टेवा दिदै पर्यटक भित्र्याउन होमस्टे, वनभोग स्थल, सडकमार्ग, पदमार्ग निर्माण गर्ने कार्यको सम्भाव्यता अध्ययन गरीनेछ ।
१०१. नगर भित्रका विभिन्न धार्मिक पर्यटन, कृषि पर्यटन, खेल पर्यटन, पर्यापर्यटन लगायतका विभिन्न सम्भावना बोकेका क्षेत्रहरुको पहिचान, अध्ययन अनुसन्धान गरी बुकलेट, ब्रोसर,  पहिचान पुस्तक, भिडियो डकोमेन्ट्री, फोटो पमप्लेट आदी निर्माण गरी वितरण, प्रकाशन तथा प्रसारण गरिने छ ।
१०२. वडा नं. ७ उजेलीगाउँमा रहेको देवल र सेटीगाउँमा रहेको दानव गुफा साउन राज्यको अवलोकन, अध्ययन, अनुसन्धान र प्रचार प्रसारका लागि “देवल, दानव गुफा प्रवर्द्धन” कार्यक्रम सञ्चालन गरिने छ ।

**“आफ्नो माटो आफ्नै पानी, सेती नदीको र्‍याप्टिङ चड्न सबै जाने”**

१०३. “आफ्नो माटो आफ्नै पानी, सेती नदीको र्‍याप्टिङ चड्न सबै जाने“ पर्यटनसम्बन्धी योजना निर्माण तथा नीजि क्षेत्रलाई लगानीका लागि प्रोत्साहन गरिनेछ ।
१०४. शिखरका पर्यटकीय क्षेत्रहरुको सम्भाव्यता अध्ययन, इतिहास, महत्व र आवश्यकताको पहिचान र प्रचार-प्रसार गर्ने उद्येश्यसहितको **“शिखर भ्रमण वर्ष २०८१”** घोषणा गरिएको छ । भ्रमणमा जनप्रतिनिधि, सरकारका प्रतिनिधि, अध्ययनकर्ता, पत्रकार, पर्यटन क्षेत्रका विज्ञ व्यक्तिहरु र पुरातात्विक विभागका खोजकर्ताहरुको सहभागिता गराइनुका साथै सरोकारवाला निकाय, मन्त्रालय र संघ, प्रदेश सरकारसँग आवश्यक समन्वय गरिने छ ।
१०५. शिखर नगरपालिकाको पर्यटन गुरुयोजना निर्माण गरिनेछ ।
१०६. पर्यटन प्रवर्द्धनका लागि अन्तर नगर भगिनी सम्बन्ध स्थापना गरिनेछ ।
१०७. खुटीया-दिपायल द्रुत मार्गसँग वडा नं. ४ को शिखरसँग जोडिएको सडकसँग जोड्न पहल गरिने छ ।
१०८. कला, संस्कृति, साहित्य, भाषा, धर्म तथा सांस्कृतिक धरोहरहरुको संरक्षण तथा संवर्द्धन कार्यलाई प्राथमिकतामा राखिनेछ ।
१०९. नगर प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रहरुको परिचयात्मक डिजिटल डिस्प्ले बोर्ड राखिनेछ ।
११०. पर्यापर्यटनलाई प्रवर्द्धन गर्दै सामुदायिक वन क्षेत्रमा समन्वयात्मक भूमिकाबाट बनभोज स्थल तथा पार्क निर्माण गर्ने योजनाहरु छनोट गरि आवश्यक बजेटका लागि माथिल्लो निकायमा सिफारिस गरिने छ ।
१११. कृषि उत्वादनलाई जोड दिदै कृषि वन पर्यटन Agro Forestery लाई प्राथमिकता दिइने छ ।
११२. वडा नं. ८ तल्ली तिल्ताली र वडा नं. ११ सिमार अन्तरगत सेती नदीको बीचमा रहेको शिद्धबाबा टापुलाई धार्मीक पर्यटनकारुपमा विकास गर्न झोलुङ्गे पुलको व्यवस्था र थप संरचना निर्माणका लागि संघ र प्रदेश सरकार समक्ष योजना पेश गरि कार्यान्वयन गरिने छ ।

## ८.२ सामाजिक विकासः

### क. शिक्षा विकास सम्बन्धि नीतिः

**“सेवा, समर्पण र सम्भावना : जागृत शिक्षक शिखरको चाहना”**

११३. “सेवा, समर्पण र सम्भावना : जागृत शिक्षक शिखरको चाहना” नारा सहित नगरको शैक्षिक गुणस्तर उकास्नका लागि शिक्षकहरुलाई जागृत गराउन्दै विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ । आर्थिक वर्ष २०८१/०८२ लाई **“शैक्षिक सुधार वर्ष २०८१”** घोषणा गरिएको छ । साथै, **मेयर शैक्षिक सुधार कार्यक्रम** लागु गरिने छ ।

११४ “व्यवसायिक शिप सहितको गुणस्तरीय शिक्षा, शिखर सरकारको दिर्घकालिन इच्छा” नारालाई सार्थक बनाउँन व्यवसायिक, गुणस्तरीय शिक्षाको सूनिश्चता गर्दै शिखर नगरपालिकालाई शैक्षिक हवकारुपमा विकास गरिने छ ।

११५. शिखर नगरपालिकाका विद्यालयहरुमा अध्ययन गरी उत्कृष्ठ नतिजा ल्याउने र गरिविको रेखामुनी रहेका जेहन्दार विद्यार्थीहरुलाई पुरस्कृत, सम्मान तथा छात्रवृतिको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

११६. नगरको मौजुदा शिक्षा नीति तथा शिक्षा ऐनमा आवश्यकता अनुरुप संशोधन तथा कार्यान्वयन गरिनेछ ।.

११७. शैक्षिक गुणस्तर उकास्न र विद्यालय सुधार गर्न योगदान पुऱ्याउने उत्कृष्ठ विद्यलाय तथा शिक्षकलाई प्रोत्साहन स्वरोप पुरस्कृत तथा सम्मान गरिने छ ।

११८. गुणस्तरीय विद्यालय शिक्षाको अवसरको सुनिश्चितताको लागि गैर सरकारी संस्था र सरकारी निकायहरुबीच आपसी समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ ।

११९. शिक्षण सिकाई कार्यलाई प्रभावकारी बनाई अपेक्षित उपलब्धिस्तर सुधारका लागि क्रमशः “पाठयोजना साथमा शैक्षिक सामाग्री हातमा“ कार्यक्रम लागु गरिनेछ ।

१२०. कार्य सम्पादन सूचकको आधारमा सामुदायिक विद्यालय प्रोत्साहन कार्यक्रम लागु गरिनेछ । सबै सामुदायिक विद्यालयको विद्यमान अवस्था र आवश्यकतालाई मध्यनजर गरी श्रोत साधनको समुचित वितरणको व्यवस्था मिलाई सामुदायिक शिक्षामा एकरुपता ल्याईनेछ ।

१२१. गुणस्तरीय विद्यालय शिक्षाका लागि समुदाय परिचालन तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१२२. शिखर नगरपालिकाको शैक्षिक धरोहर, गहनाको रुपमा रहेको सिताराम क्यापम्सलाई नविन शैक्षिक कार्यक्रम विस्तार गरी जिल्लाकै नमुना क्यापम्सका रुपमा विकास गर्ने प्रयत्न गरिने छ ।

१२३. शैक्षिक गुणस्तर सुधार गर्न शिक्षक तथा विद्यालय कर्मचारीको लागि पेशागत दक्षता विकास तालिम सञ्चालन गरिनेछ ।

१२४. बौद्दिक अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा अधिकार सुनिस्चित गर्न विद्यालय संचालन गर्न पहल गरीनेछ ।

१२५. उच्च सिकाई र न्युन सिकाई उपलब्धि हासिल गर्ने बिद्यालय (सामुदायिक र संस्थागत) विच सहकार्य, संवाद तथा अनुभव आदनप्रदान कार्यक्रम गरिनेछ ।

१२६. स्थानिय प्राविधिक विषय (कृषि, पशु, र पर्यटन) मा आधारीत शैक्षिक कार्यक्र कक्षा (९-१०) थालनी गर्न संघ, प्रदेशमा आवश्यक सहयोगकालागि अनुरोध गरिनेछ ।

१२७. विद्यालय बाहिर रहेका तथा बीचैमा कक्षा छोड्ने विद्यार्थीहरुलाई शिक्षा पूरा गर्न प्रेरित गरिने छ ।
१२८. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुबिधा आधारभूत खानेपानी सुबिधाका क्षेत्रमा निरन्तरता दिईनेछ ।
१२९. संस्थागत विद्यालयहरुको शुल्क निर्धारण गरी कार्यान्वयन गरिदै लगिनेछ ।
१३०. विद्यालयहरुमा बालमैत्री, अपाङ्गमैत्री र छात्र छात्राहरुको लागि छुट्टा छुट्टै शौचालय, शुद्ध पिउने पानी, पुस्तकालय विज्ञान प्रयोगशाला र कम्प्युटर प्रयोगशालाको व्यवस्था गरिने छ ।
१३१. विद्यालय तथा क्याम्पसमा इन्टरनेट सेवा बिस्तार गर्दै लगिने छ ।
१३२. माध्यमिक तहमा (११-१२) मा विज्ञान र लेखा व्यवस्थापन संकाय विषयको पठनपाठनको व्यवस्था तथा निरन्तरता दिईनेछ ।
१३३.विद्यालय छात्राहरुका लागि निःशुल्क सेनिटर प्याड विद्यालयमै उपलब्ध गराइने छ ।
१३४. सामुदायिक विद्यालयको कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको लागि कोचिङ कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।
१३५. एक विद्यालय, एक हरियाली क्षेत्र" कार्यक्रम लागु गरिनेछ ।
१३६. एक पालिका, एक नमुना विद्यालय, एक वडा एक नमुना विद्यालय कार्यक्रम लागु गरिने छ ।
१३७. बालबालिकासँग जनप्रतिनिधि कार्यक्रमलाई निरन्तरता दिइने छ ।
१३८. अन्तर विद्यालय अन्तरपालिका अध्ययन अवलोकन भ्रमण कार्यक्रमको थालनी गरिनेछ ।
१३९. सामुदायिक तथा संस्थागत विद्यालयहरुको नियमित अनुगमन, सुपरीवेक्षण र नियमनलाई प्राथमिकता दिइने छ ।
१४०. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि "शिखर शिक्षक सम्मेलन" र श्रोत प्रबर्द्धन कार्यक्रमलाई निरन्तरता दिइने छ ।
१४१. सुचना तथा प्रविधि मैत्री सिकाईका लागि एक वडा एक अगुवा विद्यालय कार्यक्रम लागुगरिने छ
१४२. कक्षा १ देखि ३ सम्म स्थानीय पाठ्यक्रम अनुरुप सन्दर्भ सामग्री तयार गरिनेछ ।
१४३. विद्यालय स्तरमा स्काउटिङ शिक्षा, जुनियर रेडक्रस सर्कल, वालक्लव गठन र परिचालन कार्यक्रमहरु सञ्चालन गरि बालबालिकाहरुलाई सामाजिक कार्यमा सरिक हुने अवसर सुनिश्चित गरिनेछ ।
१४४. हरेक विद्यालयमा शुक्रबारे अतिरिक्त क्रियाकलाप कार्यक्रम लागुगरिने छ ।
१४५. नगरस्तरमा हुने खेलकुद (मेयरकप, राष्ट्रपति रनिङ सिल्ड) जस्ता कार्यक्रमलाई निरन्तरता दिईनेछ । नगरपालिकाका खेलाडीहरुलाई अन्तराष्ट्रियस्तरसम्म प्रतिस्पर्धा गर्न सक्ने दक्ष खेलाडी उत्पादनमा जोड दिईनेछ ।
१४६. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात र विषयगत दरबन्दी समेतका आधारमा शिक्षकहरुको आन्तरिक दरवन्दी मिलान र विद्यालय समायोजन कार्यक्रमलाई निरन्तरता दिइने छ ।
१४७. संस्थागत विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी निर्माण गरी कार्यान्वयन गरिने छ ।

**ख. स्वास्थ्य विकास सम्बन्धि नीतिः**

**"घर घरमा स्वास्थ्य सेवा"**

**“शिखर सरकारको टेवा”**

१४८. **“घर घरमा स्वास्थ्य सेवा, “शिखर सरकारको टेवा”** नारा अनुरुप दीर्घरोगी नगरबासी जनताहरुलाई घरघरमा स्वास्थ्य सेवा दिने उद्येश्यले सञ्चालित “जेष्ठ नागरिकसँग मेयर” कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१४९. शिखर नगरपालिकामा निर्माणाधिन १५ सैयाको नगर अस्पताललाई यथाशक्य सञ्चालनमा ल्याइने छ ।

१५०. शिखर नगरपालिकाका स्वास्थ्य संस्थाहरु र बर्थिङ्ग सेन्टरबाट दक्ष प्रसुतीकर्मीबाट सुरक्षित प्रसुती सेवा दिने कार्यलाई निरन्तरता दिइने र सेवालाई थप प्रभावकारी बनाउदै आवश्यकता अनुरुप सेवा थप गर्ने व्यवस्था मिलाइने छ ।

१५१. नगर क्षेत्र भित्रका गर्भवती महिलाहरु लाई जिल्ला भित्रका अस्पतालमा लग्न एम्बुलेन्स सेवा निःशुल्क गरिएकोमा यसलाई अगामि बर्षमा पनि निरन्तरता दिईनेछ ।

१५२. नगरपालिका क्षेत्र भित्र रहेका गर्भवती महिलाहरुले अनिवार्य रुपमा चार पटक गर्भ जाँच गराई स्वास्थ्य संस्थामा प्रसुती गराएमा नेपाल सरकारबाट पाउने प्रोत्साहान भक्तालाई सहजरुपले पाउने व्यवस्था गरिने छ ।

१५३. नगरका **“सुत्केरी महिलाई उपमेयरको कोषेली”** र **“ एकल महिलासँग उप मेयर मेरो साथी”** कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१५४. सबै वडाका स्वास्थ्य संस्थाहरुबाट गुणस्तरिय स्वास्थ्य सेवा प्रदानका लागि आवश्यक न्युनतम मापदण्ड सेवा (MSS) अनुसार औषधी तथा उपकरणको व्यवस्था र स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्दै नागरिकको पहुँचमा सहजता ल्याईनेछ ।

१५५. कुपोषित बाल बालिकाको स्थानिय स्तरमै उपचारका लागि स्वास्थ्य चौकिमा रहेको OTC center व्यवस्थित गर्दै कुपोषित बच्चाहरुको उपचारमा सहजता ल्याउन पोष्टर, पम्पलेट र ब्यानर सहितको प्रचार प्रसारको व्यवस्था गरिनेछ ।

१५६. नगर क्षेत्र भित्रका सबै नागरिकहरुलाई स्वास्थ्य बीमा गर्न प्रोत्साहित गर्नुका साथै स्वास्थ्य विमा कार्यलाई प्रभावकारी रुपमा संचालन गर्दै प्रत्येक वडामा बीमा कार्यलाई व्यवस्थित गरिनेछ ।

१५७. नगरपालिका भित्र स्वास्थ्य विमा संयोजन समितीको सचिवालय गठन गरी संचालनमा ल्याईने छ ।

१५८. स्वास्थ्य चौकिहरुमा प्रयोगशाला (ल्याब)को स्थापना र व्यवस्थापन गरिने छ ।

१५९. आपतकालीन कोष खडा गरीनेछ ।

१६०. नगर स्तरिय आयुर्वेद औषधालयमा थप सेवाहरु बिस्तार गरी आयुर्वेद चिकित्सालाई प्रोत्साहन गर्दै नागरिक आरोग्य केन्द्रलाई व्यवस्थित गरिने छ ।

१६१. कालागाढ अवस्थित आँखा उपचार केन्द्र  बाट थप गुणस्तरिय सेवा प्रदान गरिनुको साथै ज्येष्ठ नागरिकका लागि सहज उपचारको व्यवस्था गर्न शिवरलाई निरन्तरता दिइने छ ।

१६२. महिलाहरुमा हुने बच्चादानीको क्यानसरबाट बचाउनका लागि निः शुल्क घुम्ती स्वास्थ्य शिविर ( VIA Camp) को संचालन व्यवस्थापन गरिने छ ।

१६३. जिल्ला अस्पताल तथा विभिन्न निकायसँगको सहकार्यमा महिलाहरुको पाठेघरको निःशुल्क शल्यक्रिया तथा उपचार गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१६४. नगर भित्रका अस्पताल तथा स्वास्थ्य संस्थाहरुलाई प्रविधि मैत्री बनाईने छ ।

१६५. स्वास्थ्य संस्थाहरुलाई समावेशी, बाल मैत्री तथा अपाङ्ग मैत्री बनाईने छ ।

१६६. ७० बर्ष माथिका प्रत्येक नागरिकलाई बर्षमा दुई पटक नजिकको स्वास्थ्य संस्थामा अनिवार्य स्वास्थ्य जाँचका लागि प्रोत्साहन गरिने छ ।

१६७. किशोर किशोरी मैत्री स्वास्थ्य सेवा र कार्यक्रम संचालन गरिनेछ ।

१६८. नेपाल सरकारको रणनीती अनुसार सन २०५० सम्ममा पालिकालाई क्षयरोग मुक्त क्षेत्र घोषणाका लागि स्क्रिनिङ्ग कार्यक्रमहरु संचालन गरी क्षयरोगीको खोजउपचार गरिने छ ।

१६९. कुष्ठरोग नियन्त्रनका लागि कुष्ठ रोग पहिचानका लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

१७०. कोभिड १९, ईन्फ्लुन्जा, झाडापखाला, हैजा, डेंगु लगायत सम्भावित अन्य महामारी र प्रकोपबाट बच्न र बचाउनका लागि प्रतिरोधात्मक, उपचारात्मक, निदानात्मक, निरोधात्मक सेवा लगायत नागरिक सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१७१. पुर्ण खोप सुनिश्चित, नियमित गाँउघर क्लिनिक, खोप क्लिनिक, आमा समुहको बैठक, ग.म.स. (गर्भवती महिला समुह बैठक) तथा आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१७२. स्वास्थ्य संस्थाहरुबाट नेपाल सरकारले तोके बमोजिमको औषधीहरु निःशुल्क वितरण गर्नुका साथै ज्येष्ठ नागरिकहरुलाई उच्च रक्तचाप, मधुमेह लगायतका रोगहरुको जाँचको लागि प्रोत्साहन गरिने छ ।

१७३.पोषणयुक्त खाद्य पदार्थको उत्पादनमा जोड दिदै गर्भवती तथा सुत्केरी महिलाहरुलाई पोषण करेसावारीको महत्वसम्बन्धी स्वास्थ्य शिक्षा प्रदान गरिने छ ।

१७४. समाजिक व्यवहार परिवर्तनका लागी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।

१७५. मानशिक रोग स्वास्थ्य परीक्षण सेवालाई बिस्तार गर्दै निःशुल्क औषधी वितरण कार्यलाई निरन्तरता दिईने छ ।

१७६. जंगली जनावर र भुस्याहा कुकुरको टोकाईबाट हुने रेविज विरुद्धको खोप (भ्याक्सिन) कार्यलाई निरन्तरता दिदै थप सेवा विस्तार गरिने छ ।

१७७. महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता अभिवृद्धि गर्न तालिमको व्यवस्था गरी प्रोत्साहन कार्यलाई निरन्तरता दिईने छ ।

१७८. उत्कृष्ट काम गर्ने स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थालाई पुरष्कृत गरिने छ ।

१८९. यस नगरपालिकामा संचालित आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुलाई राष्ट्रिय कितावखानामा सुचिकृत गर्ने कार्यलाई निरन्तरा दिइने छ ।

१८०. शिखर नगर क्षेत्र भित्रका अपाङ्गता भएका व्यक्तिहरुलाई पहिचान गरी सहयोगी सामग्री वितरण गरिनेछ ।

१८१. नगर क्षेत्र भित्र संचालनमा रहेका प्राईभेट अस्पताल, नर्सिङ्ग होम, पोलि क्लिनिक, प्राथमिक उपचार क्लिनिक र औषधी पसलहरुलाई अनुगमन गरी सुचिकृत गर्न दर्ताको प्रकृयामा ल्याईने छ ।

१८२. स्थानिय स्वास्थ्य सेवा लाई व्यवस्थित गर्न संघिय सरकारले बनाएको स्वास्थ्य ऐन, नियम, कानून, मापदण्ड, नियमावली तथा निर्देशिका स्थानिय तहमा मिल्ने गरी निर्माण कार्य आन्तरिकरण गर्दै लगिने छ ।

१८३. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका विरामीहरुलाई औषधी उपचार वापत खर्च उपलव्ध गराउने सम्वन्धी कार्यविधि, २०७८ अनुसार प्रत्यक तीन तीन महिनामा उपचार खर्च वाफतको रकम उपलब्ध गराइने छ ।

१८४. स्वास्थ्य सेवालाई प्रवर्धन गर्न स्वास्थ्य क्षेत्रमा काम गर्ने साझेदार संस्थाहरु संग सहकार्य गरिनेछ ।

१८५. स्थानिय स्तरमा उपलब्ध हुने जडिबुटि खेती लाई प्रोत्साहन गर्दै आयुर्वेद चिकित्सा/बैकल्पिक चिकित्सा पद्धतीलाई प्रवर्धन गरिनेछ ।

१८६. खोप कार्यक्रमको सुक्ष्म योजनालाई हरेक बर्ष निरन्तरता दिदै सव-सेन्टरलाई व्यवस्थित गर्दै पूर्ण खोप वडा र पालिका घोषणा कार्यलाई निरन्तरता दिईनेछ ।

१८७. स्वास्थ्य संस्थामा प्रसुती कार्यलाई प्रोत्साहन गर्दै घरमा हुने प्रसुतीलाई न्युनिकरण गर्नका लागि सुरक्षित प्रसुतिकेन्द्र नभएका वडाहरुमा सो को व्यवस्था गरिने छ ।

१८८. हरेक गर्भवती महिलालाइ HIV–Test गर्ने र प्रसुती भएको ४५ दिन भित्र भिटामिन ए को एक मात्रा अनिवार्य दिन प्रोत्साहन गरिनेछ ।

१८९. स्वास्थ्य तथा शैक्षिक संस्थाको वरपरी सुर्ती जन्य पदार्थ बेच बिखन तथा प्रयोगमा कडाई गरिनुको साथै स्वास्थ्य संस्थाको २०० मिटर वरिपरीसम्म बिक्रि वितरण तथा प्रयोगमा कडाई गरिनुको साथै धुम्रपान गरेको खण्डमा रु. १००० जरिवाना गरिनेछ ।

## ग. महिला बालबालिका तथा जेष्ठनागरिक सम्बन्धि नीतिः

१९०. जेष्ठ नागरिकको हकहितलाई मध्यनजर गर्दै वडादेखि नगर स्तरिय ज्येष्ठ नागरिक संञ्जाल गठन गरिनेछ भने, ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यलाई निरन्तरता गरिनेछ ।

१९१. महिला मैत्री, वालमैत्री, ज्येष्ठ नागरिक मैत्री तथा अपाङ्गता भएका व्यात्ति मैत्री, लैङ्गिक यौनिक अल्पसंख्यक मैत्री कार्यालय व्यवस्थापन तथा शौचालयहरु व्यवस्थापनका कार्यहरु गरिनेछ ।

१९२. अपाङ्गता भएका नागरिकहरुको पुर्नस्थापना र क्षमता विकासका लागि अपाङ्गता सिकाई केन्द्र, सिकाई चौतारीहरु निर्माण गरिनेछ ।

१९३. शिखर नगरपालिकाभित्र रहेका ज्येष्ठ नागरिक भेटघाट चौतारीहरुको लगत संकलन गर्ने, अवलोकन गरी स्तरउन्नति गरिनेछ ।

१९४. अतिविपन्न, गरिव, दलित, जनजाति तथा सिमान्तकृत समुदायको उत्थान तथा सशक्तिकरण गर्दै जिविकोपार्जनका लागि उधमशिलता विकास तालिम प्रदान गरि आर्थिक आत्मनिर्भरका लागि व्यवसाय अनुदान कार्यक्रम संचालन गरिनेछ ।

**"सबलिकृत हाम्रा बालबालिका**
**पहिचान सहित बनाउछौ समृद्ध पालिका"**

१९५. नगरपालिकालाई वि.सं. २०८३ सम्ममा बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्ने गरी कार्य थालनी गरिनेछ ।

१९६. शिशखर नगरपालिकामा बालसंरक्षण प्रणालीलाई व्यवस्थित र संस्थागत गर्दै बालबालिकाहरुको संरक्षणको विषयमलाई सुनिश्चित गरिनेछ ।

१९७. सबै प्रकारका बालबालिकाहरुलाई आफ्नो अभिव्यक्ति, विचार र भावनाहरुलाई व्यक्त गर्ने वातावरण श्रृजना गरी सहभागिताको अधिकारलाई परिवार देखी स्थानीय तहसम्म सुनिश्चित गरिनेछ ।

१९८.नगरपालिकालाई बालश्रम तथा बालविवाहमुक्त नगरपालिकाको रुपमा सुनिश्चित गरिनेछ ।

१९९. शखिर नगरपालिकाको बालअधिकार समिति तथा महिला बालबालिका शाखामा बालमैत्री अध्ययन केन्द्र स्थापना गरी बालअधिकारको स्रोत केन्द्रको रुपमा विकास गरिनेछ ।

## घ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नीतिः

**"शिखर नगरको प्रतिवद्धताः**
**लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता"**

२००. लैङ्गिक हिंसामुक्त शिखर नगर भन्ने अभियान अघि बढाई हिंसा विरुद्ध शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ ।

२०१. घरेलु हिंसा, लैङ्गिक हिंसा पिडितहरुको संरक्षण गर्दै पारिवारिक पुनर्स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

२०२. बजेट तथा कार्यक्रम लैङ्गिक उत्तरदारी दृष्टिकोणले विनियोजन गरिनेछ ।

२०३. प्रत्यक वडा तथा टोलविकासमा मानसिक स्वास्थ्य र आत्मा हत्या रोकथाम सम्वन्धी सचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

२०४. हिंसा प्रभावित महिला तथा किशोरीका लागि अल्पकालिन महिला सुरक्षा वास व्यवस्थापनमा जोड दिइने छ ।

२०५. "महिला तथा बालबालिकासँग उप मेयर कार्यक्रम" सञ्चालन गरिने छ ।

२०६. महिला, बालबालिका, लैङ्गिक अल्पसंख्यक, गरिवी न्यूनिकरण, अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिकहरुको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुलाई पालिकामा सूचिकृत गराउदै सामाजिक विकास सचेतना अभिवृद्धिका कार्यक्रममा सहकार्य गरि कार्यक्रम संचालन गरिनेछ ।

२०७. सामाजिक समावेशीकरण तथा लैङ्गिक विभेद, हिंसा, बालविवाह न्यूनिकरण, लागूपदार्थ दुर्व्यसनी, छुवाछुत तथा जातिय विभेद, मानसिक समस्या न्यूनिकरणका लागि नीजि क्षेत्र गैर सरकारी संघ संस्थाहरुलाई परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

२०८. महिला, विपन्न तथा सीमान्तकृत वर्गहरुको सामाजिक तथा आर्थिक विकास र रोजगारी सृजना गर्ने, उर्जामा आधारित हुने गरी सिपविकास तालिम संचालन गरीनेछ । यस्ता सिपविकास तालिम लिएका व्यक्तिहरुलाई उर्जाको प्रयोग गरी व्यवसाय संचालन गर्ने लघु उद्यम कार्यक्रमसँग समन्वय गरी सहयोग गरिनेछ ।

## ङ. खानेपानी सरसफाई, फोहोरमैला व्यवस्थापन तथा उर्जा सम्बन्धि नीतिः

**“स्वास्थ्य जीवनको आधार,**
**एक घर एक धारा न्यूनतम पूर्वाधार”**

२०९. नगर क्षेत्रमा एक धारा, एक घर कार्यक्रम अन्तरगत तथ्यांङ्क संकलन र आवश्यकता पहिचान गरी आ.व. २०८३/०८४ भित्रै घरघरमा स्वच्छ खानेपानीको धारा पुऱ्याइने छ ।

२१०. नयाँ तथा पुराना खानेपानी आयोजनाहरुको निर्माण सुधार र विस्तारलाई प्रभावकारी बनाईनेछ ।

२११. खानेपानीको अभावलाई मध्यनजर गरी लिफ्टिङ् प्रविधिबाट खानेपानी उपलब्ध गराउँने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२१२. खानेपानी तथा सरसफाईको क्षेत्रमा लगानी गर्न इच्छुक निकायहरुसँग प्रभावकारी सहयोग र समन्वय गरिनेछ ।

२१३. हाल सञ्चालित खानेपानी योजनाहरुमा ट्रिटमेन्ट प्लान्टको व्यवस्था गरी स्वच्छ खानेपानीको व्यवस्था मिलाईनेछ ।

२१४. खानेपानी आयोजनाको दिगो पन, सुधार, संरक्षण र निरन्तरताका लागि खानेपानी उपभोक्ता समिति गठन, दर्ता गरी संस्थागतरुपमा अगाडी बढाइने छ ।

२१५. नगरपालिका क्षेत्रमा रहेका महिला, विपन्न तथा सीमान्तकृत वर्गलाई लक्षितगरी उर्जामा आधारित सामाजिक, आर्थिक, रोजगारी सृजनाका क्रियाकलाप संचालन गरिनेछ ।

२१६. पूर्ण सरसफाई घोषणा कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

२१७. प्राङ्गारिक मल बनाउने उद्योग स्थापनाका लागि प्रदेश तथा संघीय सरकारसँग विशेष अनुदानमा माग गरिने छ ।

२१८. प्लाष्टिकजन्य नकुहिने सामग्रीहरुको प्रयाग र आयात घटाउन सालको पातका दुना, टपरी, फुल उत्पादनका लागि अनुदान, मेसिन र तालिमको व्यवस्था गरिने छ ।

२१९. खानेपानीका मुहान संरक्षण गर्नका लागि मुहान क्षेत्रमा वृक्षारोपण गरिने छ ।

२२०. विद्युतको दिगो व्यवस्थापनका लागि नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वय गरी सबस्टेसन राख्नको लागि पहल गरिनेछ ।

२२१. दैनिक तथा साप्ताहिक रुपमा आफ्नो चोक, टोल, बाटो तथा सार्वजनिक स्थलहरुको सरसफाई स्वयम् टोलवासी नागरिकहरुले नै गर्न अभियानका लागि सचेतना एवं समन्वयात्मक कार्यक्रमहरु संचालन गरी सरसफाई सप्ताहको विकास गरिनेछ ।

२२२. सुधारिएको चुलो तथा बैकल्पिक उर्जाको माध्यमबाट खाना पकाउन प्रेरित गरिने छ ।

२२३. नगरपालिका अन्तरगतका सडक क्षेत्रमा सन्ध्याकालीन समयमा सहज आवत जावतका लागि सडक वत्तिको व्यवस्था मिलाईनेछ ।

## च. युवा खेलकुद तथा नवप्रवर्तन सम्बन्धि नीतिः

**“स्कुल-स्कुलमा खेलाडी, वडा-वडामा मैदान”**
**“प्रतिभावान युवाहरु, शिखरको शान”**

२२४. नगर क्षेत्रमा निर्माणाधिन खेल मैदानको अभिलम्ब निर्माण सम्पन्न गरी स्तरोन्नती र व्यवस्थापनको व्यवस्था मिलाइने छ ।

२२५. निर्माण सम्पन्न खेलमैदानहरुमा जिल्ला स्तरीय तथा प्रदेश स्तरीय खेलकुद गतिविधि संचालनमा ल्याईनेछ ।

२२६. माथिल्लो सरकार र सरोकारवाला निकायहरुसँगको समन्वयमा नगरका सबै वडाहरु र विद्यलायहरुमा खेलमैदानको निर्माण गरिने छ ।

२२७. युवाहरुलाई कुलत र दुर्व्यसनीबाट बचाउन सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

२२८. वडा तथा नगर स्तरीय युवा संजालको परीचालनमा स्वयंसेवी भावना निर्माण गरी समाज सुधारका रुपमा स्थापित गर्न प्रेरित गरिनेछ र त्यस्ता युवाहरुको क्षमता अभिवृद्धि गर्ने जस्ता कार्यहरु गरिनेछ ।

२२९. युवा तथा खेलकूद सम्बन्धी दिवसहरु कार्यक्रमसहित मनाइनेछ ।

२३०. नगरमा खेलकुद प्रशिक्षकको व्यवस्था गरिने छ ।

२३१. यस आर्थिक वर्षमा एक वडाका १० जनाका दरले नगरका ११० जना युवाहरुलाई प्रत्यक्ष स्वरोजगार बन्ने खालको सिपमुलक तालिमको व्यवस्था गरिने छ ।

२३२. वडगतरुपमा वडा खेलकुद विकास समिति र नगर स्तरीय खेलकुद विकास समिति गठन गर्न जोड दिइने छ ।

## छ. सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धि नीतिः

२३३. खाद्यान्न बैङ्क स्थापनाका लागि पहल गरिनेछ ।

२३४. **“भएको दिएर जाउँ, चाहिएको लगेर जाउँ”** भन्ने उद्येश्यसहित कालागाढमा स्थापित कपडा बैङ्कलाई थप व्यवस्थित गरेर सञ्चालन गरिने छ ।

२३५. अतिविपन्न, दिर्घ रोगी, असहाय नागरिलाई आवश्यक खाद्यान्नको व्यवस्था गरिनेछ ।

२३६. सामाजिक सुरक्षा भत्तालाई पूर्ण पारदर्शी बनाउँदै निरन्तरता दिइने छ । २७३. सामाजिक संघ, संस्था तथा अभियान्ताहरुसँगको सहकार्यमा आकस्मिक कोषको सञ्चालन गरिनेछ ।

२३७. भुमीहिन, विपन्न, आर्थिक र सामाजिक रुपमा पछाडी परेका वर्गलाई लक्षित गरी सुरक्षित आवास र आय आर्जन कार्यक्रम सञ्चालन गरिनेछ ।

२३८. सामाजिक सुरक्षा भत्ता लाभग्राहीको मृत्यु भई ३५ दिन भित्र नै मृत्यु दर्ता गरेमा उचित पुरस्कारको व्यवस्था गरिनेछ ।

**“समयमै व्यक्तिगत घटना दर्ता गरौं**
**सेवाको सूनिस्चितता कायम गरौं”**

२३९. राष्ट्रिय परिचय पत्र बनाउन जिल्ला प्रशासन कार्यालय जाने जेष्ठ नागरिकहरुका लागि राजमार्ग देखि जिल्ला प्रशासन कार्यालय जान/आउन नगरबसको व्यवस्था गरिने छ । वडागतरुपमा पालो लगाएर सामुहिकरुपमा राष्ट्रिय परिचय पत्र बनाउन जाने व्यवस्था मिलाइने छ ।

२४०. सामाजिक सुरक्षा भत्ता नलिने स्वः घोषणा गर्ने व्यक्ति/लाभग्राहीलाई सम्मान गरिनेछ ।

२४१. मानव सेवासँग सम्बद्ध संघ-संस्थाहरुको सहकार्यमा असहाय एवं अलपत्र अवस्थामा रहेका व्यक्तिहरुको उद्धार तथा पूनःस्थापनामा जोड दिईनेछ ।

२४२. जेष्ठ नागरीकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरुको ज्ञान, सीप र अनुभवलाई नगरको समृद्धीका लागि उपयोग गर्ने, परिवारबाट दुर्व्यबहारमा परेका ज्येष्ठ नागरिकका सम्बन्धित घर परिवारका सदस्यहरुसङ्ग सचेतनामुलक कार्यक्रम संचालन गरीनेछ ।

## ज. भाषा, कला, साहित्य, संस्कृति सम्बन्धि नीतिः

“भाषा जोगाऔं, संस्कृति जोगाऔं”

“मेला, पर्व, कला हेर्न शिखरमै आऔं”

२४३. नगरपालिका क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, पदमार्ग, सम्पदाहरुको अभिलेख राखी संरक्षणको व्यवस्था मिलाईनेछ र प्रचार-प्रसारको कार्यक्रमलाई महत्वका साथ अगाडी बढाइने ।

२४४. विभिन्न धार्मिक साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा संवर्द्धन गरिनेछ ।

२४५. परम्परागत कला, संस्कृती, भाषा तथा रितिरिवाजलाई संरक्षण संवर्द्धन तथा प्रोत्सहान गरिने छ ।

२४६. पहाडी क्षेत्रमा हुने चौलो नाच, धामी नाच, देउरो नाच, गौरा, भुँवा पर्व, होरी, डेउणा खेल, डेउडा गीत, स्थानीय जात्रा पर्व लगायतका संस्कृतिक, धार्मीक सम्पदाहरुको संरक्षण र प्रवर्द्धन गरीने ।

२४७. विभिन्न धार्मिक स्थलहरुको संरक्षण संम्वर्द्धन, स्तरोन्नती तथा प्रचार प्रसार गरिनेछ ।

२४८. साहित्यिक तथा बौद्धिक सम्मेलन तथा गोष्ठीहरु आयोजना गरिनेछ ।

२४९. स्थानीय भाषाका डेउडा, नाटक, साहित्यको माध्यमबाट जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२५०. मौलिक कला संस्कृती तथा बाजाहरुको संरक्षण तथा प्रवर्द्धनको व्यवस्था मिलाइनेछ ।

२५१. नगर भित्रका आर्य घाटहरुमा व्यवस्थित शव दाहस्थल तथा मलामी विश्राम गृह निर्माणको गरिने छ ।

२५२. सबै जात जाति, भाषा, धर्म, समुदायको मूल्य मान्यता संस्कारको सम्मान गरी प्रर्वधनात्मक गतिविधि संचालन गरिनेछ ।

## झ. श्रम रोजगार र मजदुर सम्बन्धि नीतिः

२५३. शिखर नगरमा श्रमको सम्मान र मर्यादित श्रम सहितको श्रमिकको हक अधिकार सुनिश्चित गरिनेछ

२५४. नगरले संचालन गर्ने उद्यमी सृजना गर्ने कार्यक्रममा श्रम बजारको माग अनुसारको विशिष्टीकृत सिपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिइनेछ ।

२५५. सिप विकास तालिमलाई रोजगारी र उद्यमशीलतासँग आबद्ध गरिनेछ । बेरोजगार तथा बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई सिप विकास गरी सिप अनुसारको व्यवसाय संचालन गर्न र रोजगार सृजना गरी समाजमा उद्यमशीलताको विकास गरिनेछ ।

२५६. बाल श्रम शोषण विरुद्ध कार्यक्रम संचालन गरिनेछ ।

२५७. स्थानीय तहमा रोजगारी सृजना गरी युवा पलायनलाई न्यूनीकरण गर्ने कार्यक्रम ल्याइनेछ । नेपालको संम्विधान २०७२ मा रहेको मौलिक हक अन्तर्गत रोजगारीको हक र रोजगारीको हक सम्बन्धी ऐन नियमावली तथा निर्देशिका कार्यान्वयनमा विशेष जोड दिइनेछ ।

२५८. नगरपालिकाको रोजागार रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

२५९. नगरपालिकाका विकास निर्माणका आयोजनाहरुमा यस नगरपालिकामा सूचिकृत बेरोजगारहरुलाई काममा अनिवार्य लगाउनु पर्ने नीति अवलम्बन गरिनेछ ।

२६०. संघीय सरकारबाट सूचिकृत बेरोजगारहरुलाई काममा लगाउन सशर्त अनुदानमा सहयोग पुग्ने गरी स्थानीय तहबाट निर्माण सामाग्री खरिदको लागि व्यवस्था मिलाईने छ ।

२६१. एकिकृत रुपमा रोजगारमूलक र सीपमूलक तालिम संचालन गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गरिने छ ।

२६२. स्थानीय स्तरमा रोजगारी सृजनाका लागि नीजि, सरकारी र गैर सरकारी क्षेत्रसँग आवाश्यक समन्वय र सहकार्य गरी थप रोजगारी सृजना गरिनेछ ।

२६३. बैदेशिक रोजगारीको व्यक्तिगत श्रम स्विकृति र पुनः श्रम स्विकृतिको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

२६४. बैदेशिक रोजगार बोर्डबाट प्रदान गर्ने कल्याणकारी सेवाहरु कामदारका घर परिवारका सदस्यहरुलाई प्रदान गरिने सेवाहरु बैदेशिक रोजगार बोर्डसँगको समन्वयमा व्यवस्थित बनाइने छ ।

२६५. बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सामाजिक र आर्थिक पुनः एकिकरण सम्बन्ध कृयाकलापहरु गरिनेछ ।

### ञ. भूमि व्यवस्थापन तथा भू-उपयोग सम्बन्धि नीतिः

२६६. निर्माण भएको भू-उपयोग नीति वमोजिम जमिनको उपयोगितालाई यथोचित कार्यन्वयन गरीनेछ ।

२६७. नगरको क्षेत्राधिकार भित्र रहेको ऐलानी पर्ती जग्गाहरुको संरक्षण गरी अतिक्रमण गर्ने कार्यलाई रोकिनेछ । जग्गा भू-स्वामित्वमा नगरको रहेको विवाद निरोपणका लागि संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी समाधान गरीनेछ ।

२६८. राष्ट्रिय भूमि आयोगसँगको सहकार्यमा यस नगरपालिकामा साविक देखि हुँदै आएको भुमिहिन, दलित, सुकुम्वासी, मुक्त हलिया तथा अव्यवस्थित वसोवास भएका नागरिकको भूमिको स्वामित्व स्थापित गर्न जग्गा धनी प्रमाण पुर्जा वितरण गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

२६९. सार्वजनिक जग्गा संरक्षणका लागि आवाश्यक नीति निर्माण गरि कार्यान्वयन गरिनेछ ।

२७०. शिखर नगर भित्रका जोखिमयुक्त र सुरक्षित ठाँउको पहिचान तथा नक्साङ्कन गरी विपद जोखिम न्यूनिकरणका लागि पूर्वतयारी गरिनेछ ।

२७१. शिखर नगरपालिकाको भूमि सम्वन्धी नीति निर्माण गरी अधिनमा रहेको उपलब्ध भूमिको सदुपयोग गर्दै एकिकृत वस्ती, खेल परिसर, आवास, शहरीकरण, पूर्वाधार विकास योजना तयार गरिनेछ ।

२७२. जमिनको लगत विद्युत्तीय प्रणालीमा राखेर भूमि व्यवस्थापनलाई पारदर्शी बनाइनेछ ।

३७३.ऐलानी, पर्ती, सार्वजनिक, संघिखर्क, चरण, नदी उकास जमिन खोज गरी संरक्षण गरीनेछ ।

३७४. बाँझो जग्गा उपयोगका लागि नीतिगत व्यवस्था गरिनेछ ।

३७५. शिखर नगरपालिकाको सिमा क्षेत्र एकिन गरी नक्सांकन गरिने छ । यस नगरपालिकामा पर्ने माहाभारतको तेले लेकको क्षेत्र जोरायल गाउँपालिकाको नाममा परेको विषयमा अध्ययन, अनुगमन गरी एकिन सिमा निर्धारण गरिने छ ।

## ८.३ पूर्वाधार विकासः

### क. भौतिक पूर्वाधार सम्बन्धि नीतिः

२७६.. शिखर चक्रपथ (रिङ रोड) निर्माणको सम्भाव्यता अध्ययन गरिने । हरेक वडासँग जोड्ने नगर रिङ रोड निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरिनेछ ।

२७७. नगर अस्पतालको निर्माण कार्यलाई पुरा गरी सञ्चालनमा ल्याइने छ ।

२७८.. खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तर्जुमा गरि कार्यान्वयन गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

२७९. शिखर नगरपालिकाको गौरबका आयोजनाहरुको पहिचान गरी कार्यान्वयन तथा माग गर्न आवश्यक सम्भाव्यता अध्ययन, गुरु-योजना, विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय अध्ययन गरिनेछ ।

२८०. नगरका सडक खण्ड निर्माण पश्चात विभिन्न स्थानमा वर्षायाममा हुने बाढी, आवागमनमा हुने अवरोध समाधान गर्नका लागि सडक विभाग, प्रदेश सरकार तथा संघीय सरकारसमक्ष पहल गरिनेछ ।

२८१. एक वडा एक नमुना पूर्वाधार निर्माण कार्य अगाडी बढाइनेछ ।

२८२. नगरपालिकाको भौतिक पूर्वाधार मापदण्ड निर्माण गरी लागू गरिनेछ साथै सबै प्रकारका सार्वजनिक भौतिक संरचनाहरु समावेशी बनाइनेछ ।

२८३. जिल्ला दररेट र प्रकाशित सम्बन्धित सरकारी निकायका नम्सलाई आधार मानी निश्चित दररेट बनाईनेछ ।

२८४. वडा नं. ११ लाई राजमार्गसँग जोड्ने मोटरेबलपुलको काम अघि बढाउन, सम्बन्धित निकायसँग निरन्तर समन्वय सहकार्य, पत्राचार गरिने छ ।

२८४. नगरपालिकाबाट कार्यान्वयन हुने सार्वजनिक निर्माण (पुँजीगत) सम्बन्धी कुल लागत अनुमानको ३ प्रतिशत मर्मत सम्भार कोष कट्टी गरी सो रकमलाई नगरपालिकाको मर्मत संभार कोषमा जम्मा गरिनेछ । यसरी मर्मत सम्भार कोषमा जम्मा भएको रकमलाई कार्यविधि अनुसार पूर्वाधार मर्मत संभार कार्यमा खर्च गरिनेछ साथै निर्माण सम्बन्धी कार्यको कुल लागत अनुमानको ३ प्रतिशत कन्टेन्जेन्सी बापत कट्टा गरिनेछ ।

२८५. निर्माण कार्य सुरु भई सम्पन्न हुन बाँकी अधुरा आयोजनाहरुलाई प्राथमिकतामा राखि निर्माण सम्पन्न गरिनेछ ।

२८६. चुना उत्खलन प्रसोधनका लागि आवश्यक पहल गरिने छ ।

२८७. नगरका गौरवका आयोजनाहरुको प्राथमिकताका आधारमा निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

२८८. नगरपालिकासँग भएका स्रोत साधनहरुको समुचित प्रयोग गरी आवश्यकता अनुरुप पूर्वाभार निर्माणमा लगाइने छ ।

२८९. भारी निर्माण साधनहरु (व्याक हो लोडर, स्काभेटर, रोलर लगायत) को प्रयोग गरी सञ्चालन गर्नुपर्ने आयोजनाहरु उपभोक्ता समितिबाट सञ्चालन गरिने छैन ।

२९०. विभिन्न पूर्वाधार आयोजनाहरु निर्माण तथा सन्चालनका लागि सार्वजनिक निजी तथा सहकारी साझेदारी नीति अवलम्बन गरिनेछ ।

२९१. ग्रामिण सडक निर्माण कार्य साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२९२. सडक बोर्ड ग्रामिण सडक निर्माण कार्य साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२९३. जनसहभागितामा आधारित योजना तथा कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

२९४. नगर स्तरीय सार्वजनिक भवनहरुको आवश्यकताको आधारमा स्तरउन्नती गरिनेछ ।

२९५. नगर यातायात सेवालाई व्यवस्थित र भरपर्दो बनाउन नियमित अनुगमन गरिनेछ ।

२९६. नगरपालिका क्षेत्रमा वसपार्पाको सम्भाव्यता अध्ययन गरी वसपार्क निर्माण कार्यका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

२९७.हाल सञ्चालनमा रहेका सडक बाटोहरु जग्गाधनीबाट लगत कट्टा गरी नक्साङ्कन गर्ने कार्यक्रम अगाडी बढाइनेछ ।

२९८. राजमार्ग तथा ग्रामिण सडकहरुको स्तरोन्नतीका लागि आवश्यक पहल गरिने छ ।

२९९.प्राथमिकता र योजनामा परेका अत्यावश्यक पुल, झोलुङ्गेपुल, कलभर्ट निर्माण कार्य अगाडी बढाइनेछ ।

३००. आवश्यकता अनुसार सार्वजनिक शौचालयको निर्माण कार्य अगाडी बढाइनेछ ।

३०१. हरियाली नगर बनाउने उद्येश्यसहित एक घर दुई रुखको अबधारण कार्यान्वयन गरिने छ ।

३०२. निर्माण कार्यको गुणस्तर सुनिस्चित यकिन गर्न आधारभूत प्रयोगशाला स्थापना गर्न पहल गरिने छ ।

३०३. नगरपालिका तथा मातहतका कार्यालयबाट निर्माण वा विकास गरीने भौतिक पूर्वाधारहरु नागरिक मैत्री, अपाङ्ग मैत्री, बालबालिका मैत्री तथा वातावरण मैत्री बनाउन पहल गरिने छ ।

३०४. नगरपालिका भित्रका पर्यटन, धार्मिक क्षेत्र, खानेपानी सडक लगायत अन्य आवश्यक आयोजनाहरुको डिपिआर तयार गरेर मात्र कार्य अगाडि बढाइनेछ ।

३०५. ठूला योजनाहरु केन्द्र स्तर र प्रदेश स्तरमा समावेश गराउन पहल गर्दै साना तथा नगरस्तरीय भनी वर्गीकरणमा परेका योजनाहरुको प्राथमिकता निर्धारण गरी क्रमागत रुपमा निर्माण तथा विकास गरिनेछ ।

३०६. नगरका योजना छनौट गर्दा साना योजना न्यूनिकरण गर्दै ठूला योजनालाई प्राथमिकता दिइनेछ

३०७. विगतदेखि सञ्चालनमा आएका अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत योजनाको रुपमा बजेट विनियोजन गरिनेछ ।

३०८. आयोजनाहरुको लागत, समय, परिमाण र गुणस्तर हासिल गर्न सम्झौता अवधि भित्रै आयोजना सम्पन्न्न गर्ने गरी कार्ययोजना बनाई लागु गरिनेछ ।

३०९. उपभोक्ता समिति मार्फत गरिने योजनाहरु पौष मसान्त पछि र अन्य आयोजनाहरु वैशाख मसान्त पछि सम्झौता नगर्ने व्यवस्था मिलाइनेछ ।

३१०. अनुगमन मुल्याङ्कन पद्धतिलाई सुदृढ गर्नको लागि नगरस्तरीय संयन्त्रलाई परिचालन गरिनेछ ।

३११. उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत् निर्माण गरिने भौतिक पूर्वाधारहरुको निर्माण कार्यमा अनावश्यक ढिलासुस्ती गर्ने, गुणस्तरहीन काम गर्ने कार्यहरुलाई दण्डनीय बनाउने, कालोसूचीमा राख्ने वा भविष्यमा पून: यस्तो कार्य गर्न अयोग्य ठहर्‍याउने, जमानत जफत गर्ने जस्ता कार्यहरु मार्फत् नियन्त्रण तथा नियमनको व्यवस्था मिलाइनेछ ।

३१२. सडकको मापदण्ड तोकिएका जग्गाहरुको नापी कार्यालयसँग समन्वय गरेर लगत कट्टा गर्ने कार्य गरिनेछ ।

३१३. नगरपलिका अन्तरगत रहेका सम्पूर्ण सरकारी र सार्वजनिक जग्गाको लगतलाई कम्प्युटरकृत गर्ने कामको सुरुवात गरिने छ ।

३१४. नगरपालिकाका सबै बडा भरी गरीने बाटो मर्मत कार्यलाई समयमै सम्पन्न गरीने छ ।

## वस्ती विकास सम्बन्धि नीतिहरु

३१५. "भवन निर्माण मापदण्ड २०७८" तथा राष्ट्रिय भवन संहिता कार्यान्वयन गरिनेछ ।

३१६. नगरपालिका भित्र बन्ने सम्पूर्ण भवनहरुको भू-उपयोग नीतिको अनुसरण गरी अनिवार्य नक्सा पास गराई निर्माण इजाजत लिई भवन निर्माण गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरि सचेतना कार्यक्रम संचालन गरिनेछ ।

३१७. अनिवार्य घर-नक्सा पास अभियानलाई सफल बनाउन सम्बन्धित वडाहरुलाई जिम्मेवार बनाउने साथै नियमित अनुगमनको लागि आवश्यक अनुगमन समिति गठन गरिने छ ।

३१८. भौतिक संरचना निर्माणलाई शसक्त बनाउन आवश्यक मेसन तालिम संचालन गर्ने साथै सो तालिम आवश्यकता अनुरुप विभिन्न चरणमा संचालन गर्ने र सिपालु, दक्ष जनशक्ति उत्पादन गरी उचित प्रमाण-पत्र वितरण गरिनेछ ।

३१९. नगरपालिका भित्र बन्ने कुनै पनि किसिमको भौतिक संरचनाहरुको निर्माण गर्दा अनिवार्य रुपमा प्रमाण- पत्र प्राप्त सिपालु, दक्ष कामदारबाट निर्माण गराउनुपर्ने प्रावधानको अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

३२०. सम्पूर्ण किसिमको भौतिक संरचनाहरुको निर्माण कार्यलाई निर्माण व्यवसायी मार्फत गराउने प्रबन्धलाइ बढावा दिईनेछ ।

३२१."घर-नक्सा अभिलेखीकरण कार्यविधि" निर्माण गरी कार्यान्वयन गरिने छ ।

## ख. योजना तथा कार्यक्रम व्यवस्थापन सम्बन्धि नीति:

३२२. आयोजना बैंक तयार गरी योजना छनोट र बजेट विनियोजनका राष्ट्रिय, प्रादेशिक र नगरको प्रथामिकता अनुरुप संचालन गरीनेछ ।

३२३. योजना/आयोजनाहरुको छनोट प्रक्रियालाई सहभागितामूलक बनाई सम्पूर्ण योजनाहरु गुणस्तरीय र पारदर्शी रुपमा संचालन गरीनेछ ।

३२४. जनताको जीवनसँग जोडिएका आयोजनाहरुलाई नगर गौरब आयोजनाको रुपमा संचालन गर्ने कार्यलाई अगाडी बढाईनेछ । आयोजना व्यवस्थापनको कार्यलाई समयमानै सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

३२५. नगरपालिकाबाट स्वीकृत भएका कार्यक्रम संचालन गर्दा सम्बन्धित विज्ञता भएका निकाय तथा संघसंस्थाहरुसँग समन्वय गरेर उत्पादन मुखी, गुणस्तरीय रुपमा संचालन गरीनेछ । यसका लागि स्पष्ट मापदण्ड बनाई लागु गरिनेछ ।

३२६. उभोक्ता समितिहरुलाई आवश्यक परामर्श र तालिमको व्यवस्था गरिने छ ।

### ग. लगानी व्यवस्थापन सम्बन्धि नीतिः

३२७. नगरपालिकाका क्षेत्रगत दिर्घकालिन गुरुयोजनाहरु तयार गरी नगरको आवधिक योजनाले निर्दिष्ट गरेका योजनाहरुलाई कार्यान्वयन गर्न नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयार गरी लगानी प्रक्षेपण गर्ने व्यवस्था मिलाईनेछ ।

३२८. मध्यमकालिन खर्च संरचना अनुसार आवश्यक निश्चित श्रोत जुटाउन सार्वजनिक, निजि, साझेदारी र सार्वजनिक ऋण समेत लिन आवश्यक र व्यवस्थापकीय प्रवन्ध मिलाईनेछ ।

३२९. नगर-नगर साझेदारी मार्फत श्रोत व्यवस्थापनमा सुधार गर्ने प्रयास गरिनेछ ।

३३०. पर्यटन पूर्वाधारमा लगानी प्रवर्द्धन गर्न निजि क्षेत्रसँग सहकार्य गरी श्रोत व्यवस्थापनको प्रयास गरीनेछ ।

३३१ . विदेशका नगरहरुसङ्ग भगिनी सम्बन्ध कायम गरी लगानी भित्र्याउने प्रयास गरीनेछ ।

३३२. संघीय र प्रदेश सरकारबाट विशेष र समपुरक अनुदान अधिकतम प्राप्त हुने गरी कार्य प्रणाली सुधार गरीनेछ । संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान बढी प्राप्त गर्न प्राकृतिक श्रोत तथा वित्त आयोगले निर्धारण गरेका सूचकहरुमा सुधार गर्ने गरी कार्य संचालन गरीनेछ ।

३३३. संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने र शसर्त कार्यक्रममा नगरको प्राथमिकता प्राप्त योजनाहरु समावेश गर्न पहल गरीनेछ । सहलगानिका कार्यक्रमलाई अगाडी बढाइनेछ ।

### ८.४ वन वातावरण तथा विपद व्यवस्थापन सम्बन्धि नीतिः

३३४. दिगो विकास लक्ष्यको विभिन्न विकास लक्ष्यलाई हासिल गर्न प्रयत्न गरिनेछ । जग्गा व्यवस्थापन गर्दा वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐनमा भएका व्यवस्थाहरुलाई प्रभावकारीरुपमा कार्यान्वयन गरीनेछ ।

३३५. नगर भित्र प्लास्टिक जन्य सामग्री प्रयोग गर्न निरुत्साहित गरीनेछ ।

३३६. नगर स्तरीय विपद व्यवस्थापन समिति तथा वडा स्तरीय विपद व्यवस्थापन समितिद्वारा हुने गतिविधिहरुलाई प्रभावकारी रुपमा तथ्यांक संकलन, अद्यावधिकारण, सूचना तयारि, पूर्वतयारीका अभ्यास लगायतका क्रियाकलापमा सहजीकरण गर्न कर्मचारी व्यवस्थापन गरिनेछ ।

३३७. विपद व्यवस्थापनका लागि नगरपालिका क्षेत्र भरिका नदि कटान नियन्त्रण गर्न आवश्यक तारजाली, बोरा तथा बाँसको व्यवस्थापन गरि तटवन्ध गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।

३३८. सेती नदी तथा खोलाहरुको कटान रोक्न, गाउँ बस्तीमा नदि खोला पस्ने सम्भावित क्षेत्रमा संघीय सरकार, प्रदेश सरकारसँग पहल गरी तटबाँध निर्माण, आवश्यक तारजाली, बोरामा माटो तथा बलुवा भरी बाँध निर्माण, गर्ने कार्यको आवश्यक पहल गरिनेछ । सम्भावित बाढी जन्य विपद जोखिम न्यूनीकरणका लागि आपतकालीन आश्रय स्थल निर्माण गरी व्यवस्थित बनाईनेछ ।

३३९. मौसम पुर्वानुमान सुचना प्रणाली जडान गरि नगरवासीलाई वर्षातबाट हुने क्षतिका लागि सुचना प्रवाह गरिनेछ ।

३४०. विपद पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल रेडक्रस सोसाईटीका स्थानीय उपशाखाहरुको संस्थागत विकास तथा क्षमता अभिवृद्धि गरीनेछ ।

३४१. नदी खोला कटान नियन्त्रणका लागि नदी खोला किनारमा बाँस लगायत अन्य वनस्पती रोप्ने कार्यक्रम अगाडी बढाइनेछ ।

३४२. स्थानीय श्रोतहरुलाई पहिचान गरी सामुदायिक वनसँग साझेदारीमा कार्यक्रम संचालन गर्न आवश्यक कार्यक्रम खाका तर्जुमा गरी विकास गतिविधि संचालनमा ल्याईनेछ ।

३४३. सामुदायिक वनको सामाजिक परीक्षण, अधिवेशन, नविकरण अध्याबधीका लागि समन्वयकारी भूमिका निर्वाह गरिने छ ।

३४४. स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरी साधन सम्पन्न बनाई विपदमा काम गर्ने रेडक्रस लगायत संघ संस्थासँग समन्वय तथा सहकार्य गर्दै विपद व्यवस्थापन गरिनेछ ।

३४५. विपद जोखिम न्यूनीकरणका लागि जोखिमयुक्त क्षेत्र पहिचान तथा नक्शांकन कार्य अगाडी बढाइने छ ।

३४६. विपदसँग सम्बन्धित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ साथै विपद प्रतिकार्यका लागि स्वयमसेवक परिचालनको व्यवस्था मिलाईनेछ ।

३४७. राष्ट्रिय वनसँग साझेदारीमा वन पैदावारको संरक्षण र संवर्द्धन गर्दै विकासका गतिविधि संचालन गरिनेछ ।

३४८. वातावरण मैत्री वडा घोषणा गर्न आवश्यक गृहकार्य गरिनेछ ।

३४९. वातावरणमैत्री पूर्वाधार निर्माण तथा विकासमा जोड दिईनेछ ।

३५०. आकस्मिक सहायता कोष सञ्चालन गरिनेछ ।

३५१. सामुदायिक वन क्षेत्र तथा खाली पर्ति जग्गामा वृक्षारोपण अभियान संचालन गरिनेछ । जडीबुटी जन्य वनस्पतीलाई प्राथमिकता दिइनेछ ।

३५२. सामुदायिक वन अतिक्रमण रोक्न बनको सीमा निर्धारण गरिनेछ ।

३५३. जलवायु परिवर्तन र यसका असर कम गर्न जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

३५४. सामुदायिक तथा राष्ट्रिय वन क्षेत्रको सिमाङ्कन गरी वन अतिक्रमण रोक्ने वनस्पति तथा वन्यजन्तु संरक्षण गरिनेछ ।

३५५. पूर्वाधार निर्माण लाई वातावरण मैत्री बनाइनेछ । खानेपानी मुहान, दह, खोला, पोखरी, झरनालाई प्रदुषणमुक्त बनाउन वातावरण स्वच्छता अभियान संचालन गरिनेछ ।

३५६. बर्षाको समयमा हुने बाढी पहिरो तथा हिउदको समयमा हुने आगलागी तथा हावाहुरी जस्ता घटनालाई मध्यनजर राखेर वर्षा लग्नु अगाडी र हिउँद लाग्नु अगाडी अनिवार्य रुपमा विपद व्यवस्थापनमा आवश्यक सामग्रीको उचित व्यवस्थापन गरी आकस्मिक रुपमा आईपर्ने विपदको समेत आँकलन गरी पूर्वतयारीका कार्यक्रम संचालन गरिनेछ ।

३५७. दिगो वन व्यवस्थापनको कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

३५८. जलाधार संरक्षण, जैविक विविधता तथा पर्यापर्यटनको विकासका कार्यक्रम संचालन गरिनेछ ।

३५९. नदी किनारा सार्वजनिक स्थल तथा सडक किनारामा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

३६०. पूर्वाधार तथा संरचना विकास कार्यक्रमहरु संचालन गर्दा विपद जोखिम न्युनिकरण, अनिवार्य न्युनतम वृक्षारोपण तथा वातावरण मैत्री विकासको अवधारणालाई अवलम्बन गरिनेछ ।

३६१. शिखर नगरपालिकालाई हरित नगर बनाउने अभियानका लागि सम्भव भए सम्म नगर क्षेत्र भित्र बनेका सबै सडकका दुवै किनारमा हरियाली बनाउने कार्यलाई सम्बन्धीत वडावासीहरुको सहकार्यमा अगाडी बढाइनेछ ।

३६२. प्राकृतिक श्रोत साधनलाई स्थानीयको सहभागीतामा वातावरणीय परीक्षण गराई सोको प्रतिवेदन बमोजिम मात्र उपयोग गरी दोहन रोक्ने र आय अभिवृद्धि गरिनेछ ।

३६३. प्राकृतिक श्रोत साधनको उपभोगमा स्थानीयको पहिलो हक स्थापित गरिने छ ।

३६४. नदीहरुबाट हुने नदिजन्य पदार्थको अवैध उत्खनन, निकासी रोकी, अनियन्त्रित रुपमा हुने उत्खनन कार्यलाई नियमित अनुगमन गरी निरुत्साहन गर्न / गराउन जिल्ला प्रशासन, जिल्ला समन्वय समिति, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय समुदाय, सरोकारवाला सम्पूर्णको समन्वय र सहकार्यमा प्राकृतिक श्रोत तथा सम्पदाको हुने गरेको दोहन रोकिनेछ ।

३६५. सामुदायिक वनलाई प्रभावकारी बनाउन र विकास साझेदारीसँग जोड्न आवश्यक गृहकार्य गरीनेछ ।

३६६. सार्वजनिक, निजि तथा सामुदायिक क्षेत्रसँगको सहकार्यमा विपद जोखिम न्यूनीकरण तथा उत्थानाशिलता र क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरीनेछ ।

३६७. विकास कार्यहरुलाई विपद व्यवस्थापनसँग आवद्ध गरी सो कार्यहरुको न्यायोचित कार्यान्वयन गरीनेछ ।

३६८. सामुदायिक वनहरुमा आय आर्जन कार्यक्रमको लागि Public Private Partnership का कार्यक्रमहरु ल्याईनेछ ।

३६९. आगालागी नियन्त्रणका लागि आवश्यक वारुणयन्त्र उपलब्ध गराईदिन नेपाल सरकार, प्रदेश सरकार, र दातृ निकायहरुलाई अनुरोध गरिनेछ ।

३७०. दवाव सहनसक्ने वन प्रजातिहरुको पहिचान गरी तिनीहरुको संरक्षण गर्ने स्थानीय स्तरमा कार्ययोजना बनाई संचालन गर्ने ।

३७१. प्राकृतिक श्रोतमा आश्रित गरीब, विपन्न, महिला तथा संकटासन्न घरधुरी र समुदायका लागि अनुकुल क्षमता बढाउने बैकल्पिक आय आर्जनका उपायहरु पहिचान गरी प्रवर्द्धन गरीनेछ ।
३७२.भू-स्खलन तथा भूक्षय रोक्न गरीने छेकबाँध निर्माण, वृक्षारोपण र चरीचरण नियन्त्रण गरीनेछ ।
३७३. वन डढेलो न्यूनीकरण र व्यवस्थापन गर्न स्थानीय स्तरमा योजना बनाई कार्यान्वयन गरीने ।
३७४. सुरक्षित आश्रयस्थल, आकष्मिक उद्धार तथा उपचार सेवा जस्ता विपद प्रतिकार्यको पूर्वतयारी र कार्यान्वयन गरीने ।
३७५. जलाधार क्षेत्र र पानिको श्रोत संरक्षण गर्न जनसमुदाय स्तरबाटै समन्वयात्मक सहकार्यमा विशेष कार्यक्रम अभियानको रुपमा संचालन गरीनेछ ।
३७६. नगरको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना अनुरुप कार्यक्रम संचालन गरी कार्यान्वयन गरीने ।
३७७. नगरको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना अनुरुप जलवायु परिवर्तनबाट देखिएको असर न्यूनीकरण गर्न कार्यक्रम संचालन / कार्यान्वयन गरीने ।

## ८.५ संस्थागत विकास, सेवा प्रवाह र सुशासनः

### क. संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धि नीतिः

३७८. जनताको लागि प्रदान गरिने दैनिक प्रशासनिक सेवालाई झन्झटमुक्त, छिटोछरितो, सर्वसुलभ, जनमुखी र पारदर्शी बनाई एकद्वार प्रणालीमा आबद्ध गरिनेछ ।
३७९. सार्वजनिक प्रशासनलाई भ्रष्टाचारमुक्त बनाई शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ ।
३८०. नगरपालिका मातहतका सबै वडा कार्यालयहरु तथा विषयगत शाखाहरुबाट छिटो छरितो र प्रभावकारी सेवा प्रवाह तथा सेवाको एकरुपताका लागि इन्धन व्यवस्थापन प्रणाली, जिन्सी व्यवस्थापन प्रणाली, संचित कोष व्यवस्थापन प्रणाली, इ हाजिरी, राजश्व व्यवस्थापन प्रणाली, कृषि क्षेत्रमा उत्पादन नियन्त्रण प्रणाली, उद्यम तथा वाणिज्य सम्वन्धी व्यवस्थापन प्रणाली, योजना व्यवस्थापन प्रणालीको प्रयोगलाई बढवा दिइनेछ ।
३८१. नगरपालिका तथा वडा कार्यालयहरुमा गुनासो र सुझाव पेटिकाको व्यवस्था गरिनेछ ।
३८२. जनताको गुनासोलाई सम्बोधन गर्न जनप्रतिनिधिको संयोजकत्वमा एक गुनासो सुनुवाई समिति गठन गरिनेछ ।
३८३. सबै वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालयमा नागरिक बडापत्रको अध्यावधिक गरिनेछ ।
३८४. सार्वजनिक सेवा प्रवाहमा सकारात्मक विभेदको नीति लिइनेछ ।
३८५. जिन्सी व्यवस्थापन, लिलाम विक्री, मिन्हा र बेरुजु फछ्यौंट गरी चुस्त दुरुस्त बनाइनेछ ।
३८६. वडा कार्यालयहरुमा एकीकृत सेवा प्रवाह प्रणाली लागू गरिनेछ ।
३८७. विद्युतीय भुक्तानी प्रणाली (E.F.T.) लाई प्राथमिकता दिइने छ ।
३८८. आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
३८९. सेवाग्राही पृष्ठपोषण कार्यलाई निरन्तरता दिँदै सेवाग्राही सन्तुष्टी अभिवृद्धी तथा पारदर्शीतामा जोड दिइनेछ ।

३९०. सक्त अपाङ्ग वृद्ध वृद्धा तथा छ महिना माथिका गर्भवती तथा ४५ दिन भित्रका सुत्केरी महिलाहरुका लागि नागरिक सहायता कक्ष एकलद्वार सेवा प्रणाली अवलम्बन गरिनेछ ।

३९१. नगरपालिका तथा वडा कार्यालयको समेत चौमासिक सार्वजानीक सुनुवाई आयोजना गरिनेछ ।

३९२. विद्युतीय नागरिक वडापत्र लागू गरिनेछ ।

३९३. सूचना पाटी तथा गुनासो पेटीकालाई व्यवस्थित तथा अद्यावधिक गरिनेछ ।

३९४. विकास निर्माण तथा प्रशासनमा हुने अनियमितता, भ्रष्टचार र ढिलासुस्तीमा शुन्य सहनशिलताको नीति अवलम्वन गरिने छ । सो कार्यलाई प्रभावकारी वनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा नगरपालिकाको तर्फवाट सुझाव तथा गुनासो पेटिका राखिने छ ।

३९५.जनप्रतिनिधी तथा कर्मचारीहरुलाई विभिन्न प्रकारका क्षमता अभिवृद्धि तथा पुनर्ताजगी तालिमहरु सन्चालन गरिनेछ ।

३९६. नगरपालिकाको वेवसाइट, फेसबुकलाई नियमित रुपमा अद्यावधिक गरी थप प्रयोगकर्ता मैत्री बनाइनेछ ।

३९७.. अनलाइनबाट नागरिकका गुनासो तथा जिज्ञासा सुन्ने र सोको सम्बोधन गर्ने प्रणालीको स्थापना गरिने छ ।

३९८.. नगरको योजना तथा कार्यक्रम व्यवस्थापनमा नगर कार्यालयको मानव संसाधन पर्याप्त नभएका संम्वन्धीत विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गरिने नीति अवलम्बन गरिने छ ।

३९९.. आम नागरिकसँग सरोकार राख्ने आधारभुत वस्तु सेवाको गुणस्तर कायम गर्न उपभोक्ताहरु समेतको संलग्नतामा बजार अनुगमन लाई प्रभावकारी ढंगवाट संचालन गरिने छ ।

४००.. सुशासन, विकास, तटस्थता, र नागरिक संन्तुष्टी अभिवृद्धि गर्ने अधिकतम प्रयास गरिने छ ।

४०१.नगरपालिकाको साझेदारी नीतिका आधारमा विभिन्न विकास साझेदारहरुसँग समन्वय गरिनेछ ।

४०२. कार्यलौको स्वीकृत दरबन्दी रिक्त नराखी प्रदेश लोक सेवा आयोगलाई कर्मचारी व्यवस्थापनका निमित्त पत्राचार गरी कर्मचारी व्यवस्थित गरीनेछ ।

४०३. कार्यालयको सामाजिक परीक्षण अनिवार्य गरिने छ ।

४०४. नगरपालिकाको सूशासन नीति बनाइ कार्यान्वयन गरिने छ ।

४०५. नगरपालिकाभित्रका दुर्गम तथा पहुँच बाहिरका बस्तीहरुको समग्र विकासका लागि सकारात्मक बिभेदको नीति लिईनेछ ।

४०६. मदिरा तथा मदिराजन्य पदार्थको बिक्री बितरणलाई व्यवस्थित गर्ने कानून वनाईनेछ ।

## ख. कर्मचारी प्रशासन सम्बन्धि नीतिः

४०७. नगरपालिकाको सेवा प्रवाह तथा कार्यवोझका आधारमा नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्भेक्षण बमोजिम प्राप्त प्रतिवेदनका आधारमा दरवन्दी श्रृजना, व्यवस्थापन तथा सरोकार निकायमा दर्ता गरिनेछ ।

४०८. कर्मचारी प्रशासनलाई क्षमता विकासका तालिम तथा नविनतम प्रविधिको ज्ञान मार्फत प्रतिष्प्रर्धी र प्रभावकारी बनाइनेछ ।

४०९. कार्यरत कर्मचारीहरुको बहुआयामिक क्षमता विकास गरी आवश्यकताको आधारमा कार्य सम्पादन गर्ने जिम्मेवारी दिइनेछ ।

४१०. कर्मचारीलाई कार्य सम्पादनका आधारमा दण्ड र पुरस्कारको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

४११. Right man in Right place अनुरुप कार्यसम्पादनमा आर्जित ज्ञान, सीप, क्षमता र कार्य दक्षताको आधारमा सहि कर्मचारीलाई सहि स्थानमा जिम्मेवारी प्रदान गरी कार्यसम्पादनमा बढोत्तरी ल्याईनेछ ।

## ग. सूचना प्रविधि तथा संचार सम्बन्धि नीतिः

४१२. सेवा प्रवाह र विकास निर्माण लगायतका कार्यमा सूचना प्रविधिको प्रयोगलाई निरन्तरता दिईनेछ ।

४१३. नगरपालिकाबाट प्रवाह हुने सेवालाई प्रविधि मैत्री र सहज बनाउन प्रयास गरिनेछ ।

४१४. नगर भित्रका सबै भूभागहरुमा मोबाइल तथा इन्टरनेट सेवा बिस्तारका लागि पहल गरिनेछ ।

४१५. नगरपालिका सम्वद्ध सूचना तथा तथ्यांकलाई व्यवस्थित रुपमा संकलन गरी "नगर डाटा बैंक" को स्थापना गरीनेछ ।

४१६. स्थानीय संचार माध्यमहरुलाई प्रवलिकरण गर्न विभिन्न प्रकारका कार्यक्रमहरु ल्याइनेछ ।

४१७. स्थानीय रुपमा संचालित एफ.एम., रेडियो तथा संचार माध्यम, पत्र पत्रिकासँग समन्वय गरी चौमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समिक्षाको डिजिटल मध्यमद्वारा प्रशारण हुने प्रवन्ध मिलाईनेछ ।

४१८. गुनासो सम्बोधनका लागि कार्यक्रम संचालन गरिनेछ ।

४१९.डिजिटल नगर सेक्युरिटी सिस्टमका लागि विभिन्न स्थानहरुमा प्रथामिकीकरण गरी जडान भएका सिसिटिभी प्रयोगमा ल्याउन र निरन्तरता दिन नेपाल प्रहरीसँग सहकार्य गरीनेछ ।

४२०. नगरपालिकाको छुट्टै आम सञ्चार नीति निर्माण गरिनेछ । प्रत्येक ६ महिनामा एक पटक "सञ्चारकर्मीसंग नगरपालिका प्रेस द मिट" अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

४२१. नगरपालिकाको आइ.टी. (सभा) हललाई प्रविधीमैत्री रुपमा व्यवस्थित गरिनेछ ।

४२२. नगरपालिकाको कार्यालय क्षेत्रभित्र सि.सि.टिभिको जडान गरी प्रविधीधमैत्री सुरक्षा नीति लिइनेछ ।

## घ. राजश्व परिचालन तथा दिगो वित्त व्यवस्थापन सम्बन्धि नीतिः

४२३. नगरको दिगो वित्त व्यवस्थापनको लागि नगरको राजश्व सुधार कार्ययोजना निर्माण गरी कार्ययोजनाले निर्दिष्ट गरे अनुरुप आन्तरिक आयमा वृद्धि गरीनेछ । करको दायरा वृद्धि गरीनेछ । राजस्व सुधार कार्ययोजनामा उल्लेख भए वमोजिमका सम्पति कर, व्यवसाय कर र घरबहाल करको आन्तरिक आयमा योगदान बढाउदै लगिनेछ । आन्तरिक आयमा यी करहरुको योगदान आगामी ५ वर्षमा ९० प्रतिशत पुर्याईनेछ ।

४२४. कर व्यवस्थापनमा शिक्षा कार्यक्रम संचालन गरीनेछ । कर प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाई सुशासन कार्यम गरीनेछ ।

४२५. कर संस्कृतिको विकासका लागि दण्ड र पुरस्कारले उचित व्यवस्थापन गरीनेछ ।

४२६. अनुदान प्रणालीलाई क्रमश न्यूनीकरण गर्दै प्रोत्साहन प्रणालीलाई बढोत्तरी गरीनेछ ।

४२७. नगरपालिकाले संबिधान तथा कानून बमोजिम असुल गर्ने राजश्व (कर तथा गैर कर) प्रशासनलाई न्यायोचित, पारदर्शी र वैज्ञानिक बनाउन आवश्यक प्रवन्ध मिलाइनेछ ।

४२८. बजार अनुगमन, कर तथा गैर कर राजश्वको बारेमा सचेतीकरण र अनुगमन कार्यक्रम तिव्रताका साथ गर्ने प्रवन्ध मिलाईनेछ ।

४२९. ऐलानी जग्गामा निर्माण भएका घरहरुको लगत खडा गरी अध्यावधिक गर्न र सो अभिलेखीकरण कार्यका लागि आवश्यक सेवा दस्तुर कायम गर्ने ।

४३०. आर्थिक तथा प्रशासनिक सुशासन कायम गर्नका लागि पेश्की र बेरुजु लगत अध्यावधिक गरी अशुल उपर तथा फछर्यौट गर्ने कार्य अगाडी बढाइनेछ साथै नियमानुसार भन्दा बाहेक कुनै पनि तहबाट बजेट अबंडामा राखेर श्रोत्तान्तर एवं रकमान्तर गरीने छैन ।

४३१.यथार्थपरक आम्दानि अनुमानगरी घाटा बजेटलाई निरुत्साहित गर्दै लगिनेछ ।

४३२. कर तिर्नु सबै नागरिकको कर्तव्य हो भन्ने नारालाई पूरा गर्न करको दायरामा पर्ने व्यक्ति तथा व्यवसायीहरुलाई करको दायरामा ल्याई समयमानै कर तिर्न प्रोत्साहित गरीनेछ ।

## ८.६ स्थानीय न्याय सम्पादन तथा व्यवस्थापन:

४३३. नगरपालिकाको न्यायिक समितिका पदाधिकारीहरु, मेलमिलापकर्ताहरु र अन्य कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यलाई निरन्तरता दिईनेछ ।

४३४. सबै नगरवासीहरुको न्यायमा सहज पहुँच सुनिश्चित गर्न कानूनी शिक्षा र सचेतना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४३५. आवश्यक कानूनहरु तर्जुमा गरी समयानुकुल परिमार्जन गर्दै लैजाने कार्यलाई निरन्तरता दिईनेछ साथै आवश्यकता बमोजिम कार्यसम्पादनमा सहजता ल्याउन नयाँ ऐन, कानून तर्जुमा गरिनेछ ।

४३६. न्यायिक समिति तथा मेलमिलापकर्ताहरुलाई उत्प्रेरणा हुने किसिमका कार्यक्रम सन्चालन गरिनेछ ।

४३७. न्यायिक समितिबाट सम्पादित कार्यको अभिलेखलाई डिजिटाइज गरिनेछ ।

४३८. योजना बैंकको स्थापना गरी सो बमोजिम आवश्यकता हेरेर माथिल्लो निकायका सरकार तथा दातृ निकायसँग योजना तथा कार्यक्रम माग गरिने छ ।

**नगरसभा सदस्यहरु,**

**अब म नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अनुमानित आय विवरण प्रस्तुत गर्दछु । यस नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को लागि कुल अनुमानित आय रु. ७१ करोड १ लाख ६७ हजार रहेको छ ।**

| आयतर्फ | | | |
|---|---|---|---|
| क्र.सं. | शिर्षक | स्रोत | रकम रु. |
| १ | समानिकरण अनुदान | संघ सरकार | १० करोड ५५ लाख |
| २ | समानिकरण अनुदान | प्रदेश सरकार | ९४ लाख ३७ हजार |
| ३ | ससर्त अनुदान चालुतर्फ | संघ सरकार | ३३ करोड १७ लाख २२ हजार |
| ४ | ससर्त अनुदान पुजीगत तर्फ | संघ सरकार | २ करोड २३ लाख |

| | | | |
|---|---|---|---|
| ५ | समपुरक अनुदान | संघ सरकार | २ करोड ८० लाख |
| ६ | विशेष अनुदान | संघ सरकार | ३ करोड ५५ लाख |
| ७ | राजश्व बाँडफाँड | संघ सरकार | १२ करोड ८० लाख |
| ८ | | | |
| | राजश्व बाँडफाँड | प्रदेश सरकार | ६७ लाख ६२ हजार |
| ९ | समपुरक अनुदान | प्रदेश सरकार | १ करोड ४२ लाख ४६ हजार |
| १० | विशेष अनुदान | प्रदेश सरकार | १ करोड ६५ लाख |
| ११ | आन्तरिक आम्दानी | नगरपालिका | १ करोड २२ लाख |
| | | | |
| **जम्मा** | | | **७१ करोड १ लाख ६७ हजार** |

**नगरसभा सदस्यहरु,**

अन्त्यमा, शिखर नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा नगरपालिकाका प्राथमिकता र नगरवासीका आवश्यकताहरुका साथै स्थानीय सम्भावित पहिचान भएका श्रोत साधनको अधिकतम प्रयोग गर्दै तिव्रतर आर्थिक वृद्धिद्वारा दिगो आर्थिक विकास सहित समृद्ध नगर निर्माण गर्ने प्रतिवद्धता सम्वोधन गर्ने प्रयास गरेका छौं । नगरपालिकामा उपलब्ध सिमित स्रोत तथा साधनको परिधि भित्र रही कार्य सम्पादन गर्ने क्रममा नगरपालिकाको चालु आर्थिक वर्षको केही दायित्व समेत आगामी आर्थिक वर्षमा सरेर जाने देखिएकाले नयाँ कार्यक्रमहरुमा नगरपालिकाको सबै स्रोतको पूर्ण परिचालन गर्न नसकिने अवस्था छ । यस कारण सबै आकाङ्क्षा तथा आवश्यकताहरु सम्वोधन हुन सकेका छैनन् । आगामी तीन वर्षसम्ममा शिखर नगरवासीका आवश्यकता र मागहरुलाई पहिलो प्राथमिकतामा राखेर नगरलाई सुशासित र विकसित नगर बनाउनका लागि सम्पूर्ण प्रयत्न गरिनेछ ।

वास्तवमै विकास आफैमा गतिशील र सकारात्मक परिवर्तनको अनुभूति र नौलो नयाँ परिवर्तनको विम्ब पनि हो, जनमानसमा सबैलाई छिटो विकास भएको प्रत्याभूतिको खाँचो पनि छ । यसका लागि सामाजिक स्थायित्व, समाज वनावट, भौगोलिक अवस्थिति र साविकका घटनाक्रमले सिकाएको शिक्षालाई वोध गरी, सामाजिक, संस्कृतिक, मानवीय, स्वास्थ्य, सरसफाई, पोषण, विपद, लैङ्गिक हिसा, शिक्षा, भौतिक पूर्वाधार, विकास प्रारूप प्रतिको हेराइ तथा दृष्टिकोण नवीनतम सुरुवात र सामाजिक व्यवहार परिवर्तन तथा यी विषयहरु माथि हुने अनावश्यक राजनीतिकरणको अन्त्य गर्नु अत्यन्त अपरिहार्य छ, यसका लागि विकासमा अपनत्व लिँदै सम्पूर्ण नगरवासीले साथ दिनुहुनेछ भन्ने अपेक्षा पनि लिएकी छु । यो नीति तथा कार्यक्रम तयार गर्ने कार्यमा विभिन्न मार्गदर्शन तथा निर्देशिकाहरु मार्फत अप्रत्यक्ष सहयोग पुर्याउने नेपाल सरकार तथा प्रदेश सरकार साथै प्रत्यक्ष तथा परोक्ष रुपमा सल्लाह, सुझाव दिई सहयोग गर्नु हुने नगरबासी आमा बुवा दाजुभाई तथा दिदीबहिनीहरु, नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर कार्यपालिकाका सदस्यहरु, नगर सभा सदस्यहरु, शाखा प्रमुखहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

शिखर सरकारको यो नीति तथा कार्यक्रमलाई कार्यान्वय गर्न स्रोत व्यवस्थापन गर्न प्रदेश, संघ सरकार, सरकारी गैरसरकारी संघसंस्थाहरु, दातृ निकाय, अन्तर छिमेकी पालिका, बैदेशिक पालिकाहरु, सामावासजिक अभियान्ता, बौद्धिक व्यक्तित्वहरु, विभिन्न राजनीतिक दलहरु र आम नगर तथा जिल्लावासीको पनि महत्वपूर्ण भूमिका, समन्वय, सहकार्य, सुझाव सल्लाह तथा सहयोग मिल्ने पूर्ण अपेक्षा लिएका छौं ।

धन्यवाद ।

सुनिता रावल जोरा
नगर उप-प्रमुख
शिखर नगरपालिका, डोटी